# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बरहथवा नगरपालिका
## सर्लाही

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बरहथवा नगरपालिका

## सर्लाही

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बरहथवा नगरपालिका

सर्लाही

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**
**महालेखापरीक्षक**

**२०८१**

**महालेखापरीक्षकको कार्यालय**
**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
मधेश प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १४०

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगरप्रमुख ज्यू ,

बरहथवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

बरहथवा, सर्लाही ।

१. **कैफियत सहितको राय** — हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.९ करोड ३१ लाख २ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.७७ लाख ४४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६ करोड ५२ लाख २९ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १ लाख २९ हजार र पेश्की बाँकी ० समेत गरी यस वर्ष रु.९ करोड ३१ लाख २ हजार बेरुजू कायम रहेको छ । बरहथवा नगरपालिकाको गतवर्ष सम्म रु.७९ करोड २२ लाख ४० हजार बेरुजू बाँकी रहेकोमा गत बर्ष लेखापरीक्षण प्रतिवेदन पश्चात रु.२ करोड ३५ लाख १७ हजार ६ सय

सम्परीक्षण भई अद्यावधिक बेरुजू रु.८६ करोड १८ लाख २५ हजार रहेको छ । बरहथवा नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने बरहथवा नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी बरहथवा नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

श्यामप्रसाद भण्डारी

**नायब महालेखापरीक्षक**

# बरहथवा नगरपालिका,

सर्लाही जिल्ला,

### १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७३ | ४४ | ९३१०२ | ० | ० | ० | ७३ | ४४ | ९३१०२ | ७७४४ | २०१२९ | ६५२२९ | ० | ० | ८५३५८ | ० |

### २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सर्लाही | ७९२२४० | ० | २३५१७ | ७६८७२३ | ० | ९३१०२ | ८६१८२५ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | **२०७५।७६** | १३४ | सामाजिक सुरक्षा भत्ता वापतको पेश्कि फछ्यौंट नभएको ११ जना कर्मचारीको पेश्की फटर्यौट | २३५१७६०० |
| | **गत विगतको जम्मा** | - | - | २३५१७६०० |
| | **कुल जम्मा** | - | - | २३५१७६०० |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय**

(क) **कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १८ वडा रहेको छ भने क्षेत्रफल १०७.०४ वर्ग किलोमिटर तथा रास्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार १५,३४३ घरधुरी र कुल ८१,१२० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय - व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२९ देखि २०८०।६।८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजनतर्फ रु. ०, राजश्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय — व्ययतर्फ रु. ११९४५९१५०६.८३, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा

रु. ११९४५९१५०६.८३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची - १ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु** - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४७६२५। - असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| **कार्यक्रम/ब.उ.शी.नं.** | **वापत** | **रकम** |
|---|---|---|
| आन्तरिक आम्दानी | वडा नं. ९ को मालपोत तथा नगदी रसिद | ८४६५। - |
| आन्तरिक आम्दानी | वडा नं. १३ को मालपोत तथा नगदी रसिद | ११२०५। - |
| आन्तरिक आम्दानी | वडा नं. १८ को मालपोत तथा नगदी रसिद | ६५५५। - |
| आन्तरिक आम्दानी | नगरपालिका | १५०००। - |
| पिएलजिएसपी तर्फ | बहाल कर | ६४००। - |
| जम्मा | | ४७६२५ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ बित्तीय विवरणको परीक्षण

२.१ स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानिय कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७९।८० को बित्तिय प्रतिवेदन देहाय बमोजिम रहेको छ ।

| विवरण | यस वर्ष रु. | | | गतवर्ष रु. | |
|---|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ९८,४६,८७,१२५.३५ | ७४,५०,२८,७६७.५७ | ७४,५०,२८,७६७.५७ | ७१,९५,१८,५९१.०८ | ७१,९५,१८,५९१.०८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ९५,९३,२७,९६७.४५ | ७२,४६,३९,०५५.५७ | ७२,४६,३९,०५५.५७ | ७१,१८,३५,६३६.०८ | ७१,१८,३५,६३६.०८ |
| ११००० कर | २२,३९,०६,०००.०० | १५,२८,८५,८९६.७२ | १५,२८,८५,८९६.७२ | १६,११,९१,६३६.०८ | १६,११,९१,६३६.०८ |
| १३००० अनुदान | ५९,३६,१६,३३८.०० | ५६,५२,५९,२०३.६५ | ५६,५२,५९,२०३.६५ | ५४,८८,४४,०००.०० | ५४,८८,४४,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| संघीय सरकार | ५१,७०,६४,३३८.०० | ४९,०४,६३,७०३.६५ | ४९,०४,६३,७०३.६५ | ५२,३७,३२,०००.०० | ५२,३७,३२,०००.०० |
| प्रदेश सरकार | ७,६५,५२,०००.०० | ७,४७,९५,५००.०० | ७,४७,९५,५००.०० | २,५१,१२,०००.०० | २,५१,१२,०००.०० |
| १४००० अन्य राजस्व | १,००,०२,०००.०० | ६४,९३,९५५.२० | ६४,९३,९५५.२० | १८,००,०००.०० | १८,००,०००.०० |
| ३२००० वित्तीय सम्पत्ति | ९,०७,०३,६२९.४५ | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | २,५३,५९,१५७.९० | २,०३,८९,७१२.०० | २,०३,८९,७१२.०० | ७६,८२,९५५.०० | ७६,८२,९५५.०० |
| कोषहरु | २,५३,५९,१५७.९० | २,०३,८९,७१२.०० | २,०३,८९,७१२.०० | ० | ० |
| धरौटी | ० | ० | ० | ७६,८२,९५५.०० | ७६,८२,९५५.०० |
| भुक्तानी (ग+घ) | ९८,४६,८७,१२५.३५ | ७६,७०,०९,५४०.६५ | ७६,७०,०९,५४०.६५ | ८०,७३,४१,३७३.११ | ८०,७३,४१,३७३.११ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ९५,९३,२७,९६७.४५ | ७४,६१,४४,३४४.६५ | ७४,६१,४४,३४४.६५ | ८०,४९,८१,०२३.११ | ८०,४९,८१,०२३.११ |
| २१००० पारिश्रमिक / सुविधा | २५,७५,०१,६००.०० | २२,७७,३६,८७८.६५ | २२,७७,३६,८७८.६५ | १७,८५,८९,०८५.९४ | १७,८५,८९,०८५.९४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | २४,८१,९५,३८७.१० | १९,०९,८६,८३९.६९ | १९,०९,८६,८३९.६९ | २४,४४,२६,८१५.३३ | २४,४४,२६,८१५.३३ |
| २५००० सहायता (Subsidy) | १,९५,०००.०० | १,९५,०००.०० | १,९५,०००.०० | ११,१४,९१०.०० | ११,१४,९१०.०० |
| २६००० अनुदान | १०,००,०००.०० | १०,००,०००.०० | १०,००,०००.०० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | ७६,००,०००.०० | ८,४३,६२८.०० | ८,४३,६२८.०० | २,१६,७६,९९९.४० | २,१६,७६,९९९.४० |
| २८००० अन्य खर्च | ४,७०,६१,२२६.९५ | ४,५७,२६,३९६.९५ | ४,५७,२६,३९६.९५ | ६,१४,०४,९५१.९८ | ६,१४,०४,९५१.९८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ३९,७७,७४,७५३.४० | २७,९६,५५,६०१.३६ | २७,९६,५५,६०१.३६ | २९,७७,६८,२६०.४६ | २९,७७,६८,२६०.४६ |
| घ. अन्य भूक्तानी | २,५३,५९,१५७.९० | २,०८,६५,१९६.०० | २,०८,६५,१९६.०० | ८०,७३,४१,३७३.११ | ८०,७३,४१,३७३.११ |
| कोषहरु | २,५३,५९,१५७.९० | २,०८,६५,१९६.०० | २,०८,६५,१९६.०० | ० | ० |
| धरौटी | ० | ० | ० | २३,६०,३५०.०० | २३,६०,३५०.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | (२,१९,८०,७७३.०८) | (२,१९,८०,७७३.०८) | (८,७८,२२,७८२.०३) | (८,७८,२२,७८२.०३) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ९,२४,२३,६२९.४५ | ९,२४,२३,६२९.४५ | १९,०१,८९,९४२.७७ | १९,०१,८९,९४२.७७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ७,०४,४२,८५६.३७ | ७,०४,४२,८५६.३७ | १०,२३,६७,१६०.७४ | १०,२३,६७,१६०.७४ |
| बैंक तथा नगद बाकी | | ७,०४,४२,८५६.३७ | ७,०४,४२,८५६.३७ | ६,४७,२९,५४०.८४ | ६,४७,२९,५४०.८४ |

२.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन तयार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २५५४१३४५१, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.८७५८७०७५, गरी रु. ३४३०००५२६ र धरौटीको रु. २५८४५३४०.८१सुत्रमा लेखाङ्कन नगरी CGASमा गरिएकोले सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.४ फरक हिसाव - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा एकिकृत आर्थिक विवरण पेश भएन । तसर्थ फरक हिसाव सम्वन्धमा तुलना गर्न सकिएन । पालिकाले समग्र आर्थिक कारोबार सूत्रमा समावेश नगरेको कारण बित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सम्पूर्ण आयव्यय देखाउन नसक्ने हुंदा एकिकृत आय व्यय तयार गर्नु पर्दछ । सुत्रको गत वर्षको प्रतिवेदनमा उल्लेखित मौज्दात रु. ६,४७,२९,५४०.८४ भएकोमा यस वर्ष रु. ९०७०३६२९.४५ सारेकोमा बढी रु. २५९७४०८८.६१ सारेको देखिन्छ । यस सम्वन्धमा पालिकाले बैंक हिसाव मिलान विवरण तयार गरेको छैन । अत - बैंक हिसाव मिलान विवरण तयार गरी हिसाव एकिन गर्नु पर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | ९०७०३६२९.४५ | ७२५८६५५१५.९२ | ७४६१४४३४४.६५ | ७०४२४८००.७२ |

२.५ **बढी जिम्मेवारी सारेको -** नगपालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु. १२९०९८०३।५२ मौज्दात रहेकोमा यो वर्ष म.ले.प.फा.नं. २७२ अनुसार रु. ९०७०३६२९।४५ जिम्मेवारी सारेको छ भने लेखापरीक्षणको क्रममा एकीकृत आयव्यय विवरण तयार गरी पेश गर्न माग भएकोमा पेश भएन । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा सुत्रमा बढी जिम्मेवारी सारेको रु. ७७७९३८२५.९३ सम्बन्धमा यकिन गरी बढी जिम्मेवारी सार्नुको कारण पेश गर्नु पर्दछ ।

२.६ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम नगरपालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवर तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ -

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ० | ४८२१०८२.९९ | -४८२१०८२.९९ |
| ग १.२, बांडफांडबाट प्राप्त राजस्व खाता | ० | ८७५४७३६.४७ | -८७५४७३६.४७ |

| | | | |
|---|---|---|---|
| ग २.२, चालु खर्च खाता जोर बर्ष | ३७०८४४२५.८९ | ३०३१६५९८.८९ | ६७६७८२७ |
| ग २.४, पूंजिगत खर्च खाता जोर वर्ष | २५१५४२६०.९३ | २२४१०१६०.९३ | २७४४१०० |
| ग २.७, विविध खर्च खाता | १२४४५१६. | २९६६५८५. | -१७२२०६९ |
| ग ३.१, धरौटी खाता | ० | २५८४५३४०.८१ | -२५८४५३४०.८१ |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ३४६७४१४.८५ | १४४१४१७८.१ | १०९४६७६३.२५ |
| जम्मा | | | ४२५७८०६५.५२ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच फरक देखिएको रु. ४२५७८०६५.६२ हिसाब मिलान गर्नुपर्दछ ।

२.७ **सन्चित कोषमा जम्मा(ट्रान्सफर) -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.३७०८४४२५.८९, पुंजीगत खातामा रु. २५१५४२६०.९३समेत रु. ६२२३८६८६.८२ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.८ **धरौटी सम्वन्धमा -** गत वर्षको लेखापरीक्षण प्रतिवेदन बमोजिम धरौटी रु. ४३२०१६२।— को सुत्रमा समावेश नभएको र यस वर्ष पनि सूत्रमा लेखांकन नगरीएको र धरौटी कट्टी र दाखिला मात्र सुत्रमा लेखांकन देखिन्छ । सो अनुसार यस वर्ष रु. २२२८७८४।— धरौटी कट्टी तथा दाखिला भएको छ ।धरौटी खाताको बैंक स्टेटमेन्ट अनुसार रु. २५८४५३४०.८१ धरौटी बांकी देखिन्छ । तर सोको श्रेस्ता लेखापरीक्षणमा पेश नभएको रु.

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| २.८.१ | धरौटीको श्रेस्ता | २,५८,४५,३४०.८१ |
| प्रमाण पेश नगरेको | | २,५८,४५,३४० |

३ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

---

४ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको कारण नगरपालिकाले पालना गर्नु पर्ने ऐन, नियम, निर्देशिका लगायतका व्यवस्थाको प्रभावकारी रुपमा पालना हुन नसकेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन -

- पालिकाले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरे तापनि जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको खाता व्यवस्थित नराखेको,
- एकभन्दा बढी कार्यक्रमका लागि एकैपटक पेश्की दिई काम गर्ने गराउने गरेको, समयमा पेश्की फस्यौंट गर्ने नगरेको,
- भौतिक एवं वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको, निर्माण कार्य तथा सञ्चालित भएका योजनाहरूको बिल भरपाई व्यवस्थित रुपमा नराखेको, खर्चको तेरीज तयार नगरेको, आधारभूत कागजातहरुको संरक्षणमा ध्यान नदिएको, आंशिक बिल भरपाईमात्र श्रेस्तासाथ राख्ने गरेको,
- उपभोक्ता समितिहरुले पेश गरेको बिल भरपाईहरु मूल्याङ्कन अनुसार भए नभएको यकिन गर्ने नगरेको
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन
- सञ्चालित योजनाको सूचनापाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था ल । तर पालिकाले

हालसम्म स्थानीय न्यनतम दररेट निर्धारण गरेको पाइएन । कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

- यस पालिकामा कार्यरत सबै कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन दिनुपर्नेमा पालिकाले हालसम्म पनि आन्तरिक लेखापरीक्षण गराएको पाइएन,
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन,
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन,
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विशिष्ठ व्यक्ति तथा प्रतिनिधि मण्डल भ्रमण खर्च शीर्षकमा रु.१००,०००। - र अनुगमन मूल्याङ्कन खर्च शीर्षकमा रु.१५०००००। - गरी रु. १६०००००। बजेट विनियोजन गरेकोमा रु. १२७९२७०। खर्च लेखेकोमा भ्रमणको अभिलेख खाता राखेको छैन । भ्रमण आदेश चलनी गरेको छैन भने भ्रमणको उद्देश्य समेत खाली राखी भ्रमण स्वीकृत गरेको, अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन समेत गरेको छैन। उक्त सवै खर्च पालिकाको कामको लागि हो भनी विश्वस्त हुने आधार देखिएन ।
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० लाख भन्दा बढीको खरिद गर्दा बार्षिक खरिद योजना बनाई खरिद गर्नु पर्नेमा मसलन्द तथा कार्यालय सामग्रीमा रु. ६४ लाख ६८ हजार लगायत शीर्षकमा खरिद गरेकोमा खरिद योजना प्रतिस्पर्धात्मक विधि समेत नबनाई सोझै खरिद कार्य गरेको,
- खरिद भएको औषधि तथा जिन्सी मालसामानको माग फारम, खरिद आदेश, जिन्सी दाखिला समेत राखेको छैन भने Manual दाखिला गरेको कतिपय प्रतिवेदनमा समेत जिन्सी दाखिला नं र जिन्सी खाता पाना नं आदि छैन,
- पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन शीर्षकबाट रु २८ लाख ४३ हजार खर्च भएकोमा अधिकांश भुक्तानीहरुमा विभिन्न एजेन्सीहरुको कर बिजक मात्र छ । यस्तो खर्च गर्दा प्रतिस्पर्धात्मक विधि अपनाई प्रष्ट र बोधगम्य सूचना तयार गरी प्रकाशन गर्ने पटक, पृष्ठ नं, सूचनाको साईज आदि यकिन गरेर स्पष्ट कार्यदेश दिएर मात्र खर्च गर्नुपर्नेमा सो गरेको पाइएन,
- पालिकाले धार्मिक तथा सांस्कृतिक कार्यक्रम गर्न लागत अनुमान, कार्यक्रमको विवरण, कार्यक्रमको औचित्य र त्यसले समाजमा पार्ने सकारात्मक प्रभाव जस्ता पक्षको विशेलेषण गरेर मात्र धार्मिक

तथा सांस्कृतिक कार्यमा खर्च गर्नुपर्नेमा सो नगरी पालिकाले विभिन्न संससंस्था, कार्यालयका कर्मचारी लगायतलाई धार्मिक तथा सांस्कृतिक कार्यक्रम अन्तर्गत वडा दशै, दिपवली, छठ, होली लगायका पर्वहरुमा कार्यक्रम गर्न रकम भुक्तानी गरेकोमा निजले खाना, खाजा, टेन्ट,नृत्य,नाटक,साउण्ड सिस्टम लगायतका विभिन्न टुक्रे बिलहरु राखी खर्च लेखेको देखियो,

- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरीकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो,
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन,
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन,
- पालिकाले एक आर्थिक वर्षको अन्त्यभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसूची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,
- आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम खर्चको विल भरपाई र पूजिगत खर्चको प्राविधिक विल भरपाई र कागजातमा प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गर्ने गरेको छैन ।
- धरौटीको लेखाङ्कन सुत्रमा नगरेको ।
- रसिद नियन्त्रण खाता नराखेको तथा वडा तथा नगरले प्रयोग गरेको नगदी रसिदको अभिलेख अद्यावधिक नगरेको ।
- जिन्सी शाखा प्रमुखको सरुवा गर्दा बरबुझाथ नगरेको ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्कालीन खर्चको संरचना तयार गरेको छैन

अत-पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ५ गत वर्षको भुक्तानी -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकी रु. १५५७४९९३०। - को खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरेको देखिएन । तर यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रु. १०४६८७३०८। - भुक्तानी दिएको छ । तसर्थ गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरी विवरण राख्नु पर्दछ ।

## ६ आवधिक योजना -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नु पर्नेमा आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## ७ क्षेत्रगत बजेट र खर्चको स्थिति -

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३०९५५६४६ | २१०३८२८४ | ६७.९५% |
| २ | सामाजिक विकाश | ३५७३१४२८७ | २९५४३५७४४.८५ | ८२.६८ |
| ३ | पूर्वाधार विकाश | २८४१४०७९७.४ | २०१३७७८७१ | ७०.८७ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १०७००६०१०.१ | ८०६१४२४७.०१ | ७५.३४ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १७९९११२२६.९५ | १४७६७८१९७.७९ | ८२.०८ |
| जम्मा | | ९५९३२७९६७.४५ | ७४६१४४३४४.६५ | ७७.७७% |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये रु. **९५९३२७९६७.४५** मा सबैभन्दा बढी सामाजिक विकास तर्फ ८२.६८ प्रतिशत र आर्थिक विकाश तर्फ सबै भन्दा घटीमा ६७.९५ प्रतिशत रहेको छ ।

---

## ८ वार्षिक खरिद योजना र गुरुयोजना -

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२७ करोड ९६ लाख ५५ हजार पूँजीगत खर्च गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना र गुरुयोजना बनाई खरिद कार्यको प्रभावकारी व्यवस्थापन गर्नुपर्दछ ।

---

## ९ बजेट अवण्डा -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ बमोजिम स्थानीय तहको वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृति गर्दा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष निम्नानुसार रु.**१,७०,३५,०२६/ -** अबण्डा बजेट व्यवस्था गरि बजेट अबण्डामा राखी वडा समिति, अन्य समिति तथा कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ ।जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन ।तसर्थ, बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।बजेट तर्जुमा गर्दा नेपाल सरकार, रास्ट्रिय योजना आयोग बाट तयार गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन्

| क्र सं | योजनाको नाम | बजेट / खर्च | कैफियत |
|---|---|---|---|
| १. | वडाको विभिन्न ठाउँहरुमा बाटो ग्राभेल कार्य (वडा नं. १) | ५००००० | कुन स्थान मा कति नखुलेको |
| २. | वडाको विभिन्न ठाउँहरुमा बाटो ग्राभेल (वडा नं. २) | ५००००० | कुन स्थान मा कति नखुलेको |
| ३. | विविध कार्यक्रम (वडा नं. २) | ३५०००० | कुन स्थानमा के कार्य कति गर्ने नखुलेको |
| ४. | बाटो ढलान (वडा नं. ३) | २०००००० | कुन स्थान मा कति नखुलेको |

| | | | |
|---|---|---|---|
| ५. | वडाको विभिन्न बाटो ग्राभेल (वडा नं. ३) | ७००००० | कुन स्थानमा कति नखुलेको |
| ६. | बाटो स्तरोन्नती तथा बाटो ढलान (वडा नं. ४) | १७०००००० | कुन स्थानमा कति नखुलेको |
| ७. | वडाभरिको अधुरो ढलान निर्माणको लागि (वडा नं. ५) | ७७६५५८ | कुन स्थानमा कति नखुलेको |
| ८. | सडक स्तरउन्नती तथा ढलान कार्यक्रम (वडा नं. ६) | ५००,००० | कुन स्थानमा कति नखुलेको |
| ९. | वडा नं. ७ को विभिन्न ठाउँको बाटो ग्राभेल र मर्मत (वडा नं. ७) | ७५०००० | कुन स्थानमा कति नखुलेको |
| १०. | विविध (वडा नं. ११) | ३००००० | कुन स्थानमा के कति नखुलेको |
| ११. | विविध तथा धर्म साँस्कृती (वडा नं. १२) | ६००००० | कहाँ ? के ? कति ? नखुलेको |
| १२. | विभिन्न ठाँउमा सडक ग्राभेल कार्यक्रम (वडा नं. १३) | १२००००० | कुन स्थानमा कति नखुलेको |
| १३. | विभिन्न बाटो स्तरउन्नती तथा ग्राभेल (वडा नं. १४) | २००००० | कुन स्थानमा कति नखुलेको |
| १४. | मर्मत संम्भार (वडा नं. १५) | ४००००० | कुन स्थानमा कति नखुलेको |
| १५. | विभिन्न ठाँउमा सडक ढलान (वडा नं. १५) | १६७१००० | कुन स्थानमा कति नखुलेको |
| १६. | विभिन्न सडक मर्मत तथा इन्धन खरिद (वडा नं. १६) | २००००० | कुन स्थानमा कति नखुलेको |
| १७. | विभिन्न सडक मर्मत कार्य (वडा नं. १७) | १०००००० | कुन स्थानमा कति नखुलेको |
| १८. | विविध कार्यक्रम (वडा नं. १७) | ५३७४६८ | कहाँ ? के ? कति ? नखुलेको |
| १९. | विविध (वडा नं. १८) | १५०००० | कहाँ ? के ? कति ? नखुलेको |
| २०. | विविध खर्च (नगर स्तरीय प्रशासनिक खर्च) | ३०००००० | कहाँ ? के ? कति ? नखुलेको |
| | जम्मा | १,७०३५०२६ ।- | |

१० **खर्च बिश्लेषण -**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. १८६०८९२७.४९ (गत वर्षको संचितकोष बांकी बाहेक) राजस्व बाँडफाँड र अनुदानबाट रु.७०७२५६५८८.४३ समेत रु.७२५८६५५१५.९२आम्दानी भएकोमा चालुतर्फ रु. ४६६४८८७४३.२९ र पूँजिगततर्फ रु. २७९६५५६०१.३६ समेत रु.७४६१४४३४४.६५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.४९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१४६७५१०७.०० खर्च भएको छ जुन आन्तरिक आयको ७८.८६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र

राजस्व बाँडफाँडको रकमबाट प्रतिशत चालु ६२.५२ र ३७.४८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

११ **बजेट तथा कार्यक्रम तर्जुमा -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार कार्य गर्न समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा नेपाल सरकार, रास्ट्रिय योजना आयोग बाट तयार गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१२ **बजेट सीमा निर्धारण समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छ । तर बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१३ **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति २०७९असार १० गतेको नगरसभामा रु.८६ करोड २७ लाख १५ हजार

९ सय ६७ रुपैया ४५ पैसाको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०७९ असार १२ गते पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९ श्रावण ५ गते प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१४ **योजना प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १८ वडाको लागि वडागत र पालिकास्तरका कुल २६३ योजनामा वजेट विनियोजन गरेको छ।

| क. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख भन्दा कमका योजना संख्या | रु.५ लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ७४ | ८ | ३६ | ३० |
| २. | वडास्तरीय | १८९ | ५ | ४४ | १४० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा १४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१५ **लक्ष्य प्रगति -**

नगरपालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।नगरपालिकाको वित्तीय प्रगति निम्न रहेको छ ।

| | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति |
|---|---|---|

| कार्यक्रम/योजना | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
|---|---|---|---|---|---|
| कार्यक्रम संख्या | ३२६ | ९८ | ४ | ३ | १ |

नियमानुसार लक्ष्य प्रगति विवरण तयार गर्नु पर्दछ ।

१६ **त्रैमासिक पूँजीगत खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

(रु. हजार)

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | २७९६५६.०० | ४५४२१.०० | ४२०००.०० | ३२०६७.०० | १६०१६८.०० | २५९८४.०० |
| प्रतिशत | १००.०० | १६.२४ | १५.०२ | ११.४७ | ५७.२७ | ९.२९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२७ करोड ९६ लाख ५६ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.४ करोड ५४ लाख २१ हजार (१६,२४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.४ करोड २० लाख (१५.०२ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.३ करोड २० लाख ६७ हजार (११.४७ प्रतिशत) र चौथो त्रैमासिकमा रु, १६ करोड १ लाख ६८ हजार खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२ करोड ५९ लाख ८४ हजार (९.२९प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत

नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

---

१८ **व्यवसाय कर -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ८८६७२८.६० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक नगरेको कारण सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । पालिकाले राजस्व सुधार योजना बनाइ आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका अन्य सम्पूर्ण व्यवसायीहरुको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

---

१९ **आय अनुमान -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय - व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २९९९८०००। - प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०७९।८० मा रु.१८६०८९२७.४९ अर्थात अनुमान भन्दा ३७.९७ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

---

२० **कर तथा शुल्क असुली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ३०००००० | ३२४२१६६.५४ | १०.८१ |
| भुमि कर तथा मालपोत | २५००००० | २३४५५४४ | ९३.८२ |
| बहाल कर | १०००००० | ० | ० |

| | | | |
|---|---|---|---|
| बहाल बिटौरी कर | १०००००० | ४००४४७.०९ | ४०.०४ |
| अन्य कर | ५००००० | ६१२६८१४.६६ | १२२५.३५ |
| सरकारी सम्पत्तिको बहाल | ५०००००० | ४३१५०१५.८ | ८६.३ |
| न्यायिक दस्तुर | ३०००० | ० | ० |
| शिक्षा क्षेत्रको आय | ३००००० | ० | ० |
| परिक्षा शुल्क | ६०००० | १०३००० | १७१.६७ |
| अन्य प्रशासनिक सेवा शुल्क | १००००० | १५३००० | १५३ |
| पारकिंग शुल्क | ५०००० | ० | ० |
| नक्सा पास दस्तुर | १०००००० | ७४७४१४.०६ | ७४.७३ |
| सिफारिश दस्तुर | १५००००० | ४००००० | २६.६७ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | २००००० | ९५००० | ४७.५ |
| नाता प्रमाणित दस्तुर | १००००० | ५०००० | ५० |
| अन्य दस्तुर | ३००००० | ३२६२७५.३४ | १०८.७८ |
| व्यावसाय रजिस्ट्रेशन दस्तुर | २००००० | १११७५० | ५५.८८ |
| रेडियो/एफ. एम. संचालन दस्तुर | २००० | ० | ० |
| न्यायिक दण्ड जरिवाना र जफत | १०००० | ० | ० |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०००० | १००००० | २०० |
| व्यवसाय कर | ११००००० | ९२५०० | ८.४१ |
| | ४५००२००० | १८६०८९२७.४९ | ४१.३५ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२१ **आन्तरिक आय-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५६६४८५६६४ | १८६०८९२७.४९ | ३.२८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.२८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

---

२२ **राजश्व अभिलेख -**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ ।पालिकाले रसिद नियन्त्रण खाता राखी रसिद वितरण गर्नुपर्नेमा रसिद नियन्त्रण खाता नराखेको कारण अघिल्लो आ.व.को बाँकी रसिद संख्या र यस वर्ष छपाई गरेको रसिद संख्याको सम्वन्धमा यकिन गर्न सकिएन । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा विवरण समेत पालिकामा आएको देखिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । स्वचालित प्रणाली नहुंदा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम रहन्छ । यसको सम्बन्धमा यस पालिका कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण खाता राखे र राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्ने तर्फ ध्यान दिनु पर्दछ ।केही उदाहरण निम्न छन्

| क्र.स | वडा नं | रसिद नं | | कैफियत |
|---|---|---|---|---|
| | | देखी | सम्म | |
| १ | ५ | ३२१५१ | ३२२०० | पेश नभएको |
| २ | ३ | २४५०१ | २४६०० | जिन्सी खातामा आम्दानी नबांधेको |
| ३ | ४ | २३६५१ | २३७०० | पेश नभएको |
| | | २५५५१ | २३७०० | पेश नभएको |
| | | २७९५१ | २८००० | पेश नभएको |
| | | ३२४०१ | ३२४५१ | पेश नभएको |

| | | | | |
|---|---|---|---|---|
| ४ | ८ | ३७००१ | ३७१५० | पेश नभएको |
| ५ | १७ | ३११०१ | ३११५० | पेश नभएको |
| | | ३३२०१ | ३३२५० | पेश नभएको |
| | | ३३६०१ | ३३६५१ | पेश नभएको |

२३ **असुली गर्न बाँकी आन्तरिक आय -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार व्यवसायिबाट रु. ४३,८२,०२७/- असुल गर्ने बाँकी रहेको छ ।

| क्र.सं. | ठेकेदारको नाम | आय ठेक्काको नाम | सम्झौता रकम वार्षिक | दाखिला रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ए. पी. लाइभ फिश हाउस काठमान्डौ | पोखरी | ३८५५००० | ० | १३२४१९३ | सावा रकम |
| २ | गान्धी दाश | सटर भाडा | ४३२०१२ | ० | ६४८०१८ | ५०% जरिवाना सहित |
| ३ | संजिव कुमार साह | | १५७८१२ | ० | २२६७१८ | " " |
| ४ | संजय साह बनिया | | १५५९८८ | ० | २३३९८२ | " " |
| ५ | बिन्दा कुमारी साह | | २५३८१२ | | ३८०७१८ | " " |
| ६ | सुरेश कुमार साह | | १६२००० | | २४३००० | " " |
| ७ | रामनाथ साह रौनियार | | २१०००० | | ३१५००० | " " |
| ८ | रास नारायण साह कानु | | ७३३३२ | | १०९९९८ | " " |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | ममता चौधरी | गुद्री बजारको सतर भाडा | १८००१२ | ० | १८००१२ | |
| १० | उर्मिला देवी | " " | १८६००० | १७६००० | १०००० | |
| ११ | होस नारायण साह | " " | ९७५०० | ५६८७५ | ४०६२५ | |
| १२ | श्री चक्र जनता सहिद गङ्गा मा.वि. | सटर भाडा | ५६९७६६ | ० | ५६९७६६ | |
| १३ | विजय साह बानिया | गोरु तथा भैसी बजार, | २०६७८८७ | १९६७८९० | ९९९९७ | सम्झौता रकममा आयकर सहित |
| जम्मा | | | | | ४३८२०२७ | |

तर उठ्न बाँकी रहेको रकमको आयगत लगत, राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| २३.१ | असुल गर्न बांकी | ४३,८२,०२७ |
| | असुल गर्नुपर्ने | ४३,८२,०२७ |

२४ **कानून र सञ्चालन स्थिति —**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४१ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, १ वटा नियमावली, १७ कार्यविधि, ५ वटा निर्देशिका, १ वटा मापदण्ड कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ३० वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि कहे कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२५ **जिन्सी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· कार्यालयले गत विगत वर्षको मौज्दात रहेका सामानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा गरेको छैन । यस वर्ष खरिद भएका समानहरुको PAMS मा प्रविष्टी गरेको देखियो ।गत विगत वर्षको मौज्दात रहेका सामानहरुको बरबुझारथ नभएकोले PAMS मा प्रविष्टी नगरेको पालिकाले जनाएको छ ।जसले गर्दा पालिकामा रहेको सामानहरुको यथार्थ मौज्दात सम्वन्धमा एकिन गर्न सकिने अवस्था छैन ।अत - गत विगतको सामान बरबुझारथ गरी अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नु पर्दछ।

- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ

---

## २६ **मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । साथै सार्वजनिक सम्पत्तिको गुणस्तरयुक्त प्रभावकारी मर्मत सम्भार तथा संरक्षण कार्य व्यवस्थित गरी संचालन तथा संरक्षण गर्न गराउने उदेश्यले म.ले.प. फारम नं ४१५ अनुसारको ढाँचामा मर्मत संभार अभिलेख खाता राख्नु पर्ने व्यवस्था छ । पालिकाले वर्षभरीमा रु. ३६ लाख ९३ हजार को विभिन्न सामान तथा सवारी साधनको मर्मत वापत खर्च छ। मर्मत संभार अभिलेख खाता नराखेको कारण मर्मत कार्यमा भएको खर्च सम्बन्धमा यकिन हुन सकिएन । तोकिएको म.ले.प. फाराम प्रयोग गरी मर्मत कार्यलाई व्यवस्थित गर्नु पर्दछ ।

---

## २७ **खाजा तथा विविध खर्च -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयद्वारा जारी एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा खर्च संकेत नं. २२७११ विविध खर्चको व्याख्यामा स्वीकृत भएका मनोरञ्जन प्रदर्शन निमन्त्रण तथा भोजहरु सम्बन्धि खर्च कार्यालय सुरक्षा सम्बन्धि आवश्यक खर्च प्रतिनिधि मण्डलको स्वागत र अतिथि सत्कार खर्च र अन्य कुनै शीर्षकमा नभएका खर्चहरु समावेश हुने उल्लेख छ ।

कार्यालय संचालनको लागि कर्मचारी तथा पदाधिकारीलाई अतिरिक्त समय कार्य गरे वापत अर्थमन्त्रालयको नर्मसको आधारमा खाजा खर्च दिनुपर्नेमा अतिरिक्त समय काम गरेको प्रमाणित नभएको र प्रोत्साहन भत्ता भुक्तानि भएकोमा थप खाना खर्च वापतको रकम भुक्तानी गर्न मिल्दैन । पालिकाले यस वर्ष खाना खाजा तथा विविधतर्फ मात्र चालुतर्फबाट रु.२९ लाख ५२ हजार खाना खाजामा खर्च गरेको छ । खाजामा अस्वभाविक खर्च देखिएकोले यथार्थ खर्च सम्बन्धमा थप विश्लेषण गरी यकीन हुनुपर्दछ । उक्त व्याख्या र वर्गीकरण अनुसार खर्च पुष्टि हुने आधार प्रमाण संलग्न गरी मितव्ययी तवरले खर्च गर्नुपर्दछ ।

---

२८ **सहकारी नियमन -**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ९५ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

---

२९ **आयोगको परामर्श -**

1. प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । आयोगको परामर्श बेगर यस पालिकाले कर्मचारीको स्तरवृद्धि गरी ४ जना कमर्चारीलाई यो वर्ष रु.३२७१८४/ - थप रकम भुक्तानी भएको छ । आयोगको परामर्श बेगर स्तरवृद्धि गरी खर्च लेखेको रकम अनियमित रु. ३२७१८४/ -

---

३० **कर्मचारी प्रोत्साहन भत्ता -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले

बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु. ९५१५३०।४० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेखुपर्दछ ।

---

## ३१ अवकास कोष -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु. ५०००००। - ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझैकर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ३१.१ | मदन कुमार थापा | ५,००,००० |
| | प्रमाण पेश नगरेको | ५,००,००० |

## ३२ न्यायिक समिति -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फस्योँट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७१ र यो वर्ष थप भएको १२६ गरी कुल १९७ विवाद दर्ता भएकोमा ४९ वटा मात्र फस्योँट भई १४८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्योँट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

---

## ३३ कानूनी सल्लाहकार –

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धि ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्यकिय सचिव र सल्लाहकारराखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनसुार मापदण्ड बनाई यस्तो खर्च उल्लेख गरेतापनि सो अनसुार मापदण्ड बनाएको देखिएन पालिकाले गत विगत देखि नै १ जना कानूनी सल्लाहकार नियुक्त गरि यस वर्ष मासिक रु.४३६८९ का दरले रु. ५६७९५७ पारिश्रमिक भुक्तानी दिएको छ ।अत - कानूनी व्यवस्थाको पालना हुनु पर्ने रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ३३.१ | महेश्वर प्रसाद बराल | ५,६७,९५७ |
| | अनियमित भएको | ५,६७,९५७ |

## ३४ जिन्सी निरीक्षण -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## ३५ मेला, महोत्सव र अनुत्पादक खर्च -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । साथै उक्त ऐनमा प्रमुख प्रशासकीय अधिकृतले नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नगरपालिका चाडपर्व, पूजा,मेला र महोत्सव, सांस्कृतिक कार्यक्रम एवं वितरणमुखी प्रकृतिको कार्यक्रममा रु. १३१६३०६। - खर्च गरेको छ । यस्ता अनुत्पादक एवं वितरणमुखी प्रकृतिका चालु खर्चहरु नियन्त्रण गरी पुँजी निर्माणमा सघाउ पुग्ने योजना तथा कार्यक्रम छनौट गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| सि.न. | कार्यक्रमको नाम | खर्च रकम |
|---|---|---|
| १ | झण्डा मेला | ७५००० |
| २ | तिज कार्यक्रम | १००००० |
| ३ | दुर्गा पूजा | ५००००० |
| ४ | बिश्वकर्मा पूजा | ९८५६५ |
| ५ | जितीय पर्व महोत्सव | ९६७४१ |
| ६ | गणेशपूजा कार्यक्रम | २५०००० |
| ७ | मुक्तेश्वर महोत्सव | १००००० |
| ८ | थारु सांस्कृतिक कार्यक्रम | ९६००० |

| जम्मा | १३१६३०६ |
|---|---|

३६ **पेश्की सम्वन्धमा -**

३६.१ **पेश्की बांकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । यस आ.व.को म्याद नाघेको पेश्की रु. २२लाख ५४हजार ७३०फछ्यौट गर्न बाँकी रहेको छ । नियमानुसार समयमै पेश्कीफर्छ्यौट गर्नुपर्ने म्याद नाघेको पेश्की फर्छ्यौट नभएको रु.

| पेश्की लिएको मिति | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | चालु आ. व. | | |
|---|---|---|---|---|
| | | पेश्कीरकम | फछ्यौंटको अन्तिम म्याद | म्याद नाघेको |
| ०७/१७/२०७९ | राम ईश्वर राय | १,०००.०० | ०८/२२/२०७९ | १,०००.०० |
| १०/११/२०७९ | अरुण कुमार सिंह | १२,५१५.०० | ११/१७/२०७९ | १२,५१५.०० |
| १०/११/२०७९ | अरुण कुमार सिंह | ७०,४५५.०० | ११/१७/२०७९ | ७०,४५५.०० |
| ०२/२२/२०८० | अरुण कुमार सिंह | ३,००,०००.०० | ०३/२५/२०८० | ३,००,०००.०० |
| ०२/२२/२०८० | अरुण कुमार सिंह | १,००,०००.०० | ०३/२५/२०८० | १,००,०००.०० |
| ०८/२०/२०७९ | प्राथमिक स्वास्थ्य केन्द्र | १,७४,७६०.०० | ०९/२६/२०७९ | १,७४,७६०.०० |
| १२/१७/२०७९ | प्राथमिक स्वास्थ्य केन्द्र | ६,००,०००.०० | ०१/२२/२०८० | ६,००,०००.०० |
| ०३/२४/२०८० | प्राथमिक स्वास्थ्य केन्द्र | ५,३५,९४२.०० | ०४/२८/२०८० | ५,३५,९४२.०० |
| ०३/२४/२०८० | प्राथमिक स्वास्थ्य केन्द्र | ४,६०,०५८.०० | ०४/२८/२०८० | ४,६०,०५८.०० |

| | | | | |
|---|---|---|---|---|
| ०३/२४/२०८० | बाल विकास नेपाल | १०,००,०००.०० | ०४/२८/२०८० | १०,००,०००.०० |
| १०/०५/२०७९ | राम प्रवेश महतो | २५,०००.०० | ११/११/२०७९ | २५,०००.०० |
| ०२/०९/२०८० | राम प्रवेश महतो | ५०,०००.०० | ०३/१२/२०८० | ५०,०००.०० |
| जम्मा | | | | ३३२९७३० |

३६.२ कुनै व्यक्ति पेश्की दिंदा पहिले दिएको पेश्की फछ्र्यौट भएपछि मात्र अर्को पेश्की दिनु पर्दछ ।पालिकाले पहिले लिएको पेश्की फस्यौंट नहुदै पटक पटक एउटै व्यक्तिलाई पेश्की दिएको देखिन्छ ।यसरी पेश्की दिने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| पेश्की लिएको मिति | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | चालु आ. व. | | |
|---|---|---|---|---|
| | | पेश्कीरकम | फछ्र्यौटको अन्तिम म्याद | म्याद नाघेको |
| १०/११/२०७९ | अरुण कुमार सिंह | १२,५१५.०० | ११/१७/२०७९ | १२,५१५.०० |
| १०/११/२०७९ | अरुण कुमार सिंह | ७०,४५५.०० | ११/१७/२०७९ | ७०,४५५.०० |
| ०२/२२/२०८० | अरुण कुमार सिंह | ३,००,०००.०० | ०३/२५/२०८० | ३,००,०००.०० |
| ०२/२२/२०८० | अरुण कुमार सिंह | १,००,०००.०० | ०३/२५/२०८० | १,००,०००.०० |
| १०/०५/२०७९ | राम प्रवेश महतो | २५,०००.०० | ११/११/२०७९ | २५,०००.०० |
| ०२/०९/२०८० | राम प्रवेश महतो | ५०,०००.०० | ०३/१२/२०८० | ५०,०००.०० |

३६.३ **गत बर्ष सम्मकोपेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने

उल्लेख छ । पालिकाले गत बर्षसम्म विभिन्न कर्मचारी, पदाधिकारी, व्यक्ति तथा संस्थालाई दिएको निम्नानुसार पेश्की बांकी रु. २४९०१६३१.४० यस वर्षसम्म पनि फस्यौंट नभई बाँकी रहेको देखिन्छ ।गत विगत वर्गमा एउटै व्यक्तिलाई पेश्की माथि पेश्की दिई एकै व्यक्तिको रु. १७०००००।— सम्म पेश्की बांकी देखिन्छ ।पेश्की माथि पेश्की दिने र समयसिमा भित्र फस्यौंट नगर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ । तसर्थ नियमले तोकेको समयभित्र फस्यौंट नभएकोले उक्त पेश्की नियमानुसार व्याज समेत असुल गरी फस्यौंट गर्नु पर्दछ ।

| सि.नं. | विवरण | गतवर्ष सम्मको पेश्की बांकी | यस वर्ष फस्यौंट | बांकी |
|---|---|---|---|---|
| १ | व्यक्तिगत | ४०९८५५९ | ० | ४०९८५५९ |
| २ | कर्मचारी | २७१५६०० | ० | २७१५६०० |
| ३ | ठेकदार | २२०००००. | ० | २२०००००. |
| ४ | अन्तर्गत निकाय | १५५००००. | | १५५००००. |
| ५ | संस्थागत | १४३३७४७२ | ० | १४३३७४७२ |
| जम्मा | | २४९०१६३१.४ | ० | २४९०१६३१.४ |

३७ **सामाजिक सुरक्षा -**

३७.१ यस बर्ष सामाजिक सुरक्षा शिर्षकमा रु. २५ करोड ५४ लाख १३ हजार ४५१ विभन्न वैंकहरुमा निकासा दिएकोमा विभिन्न किस्ता Social Security And Vital Events Management Information System( SS.donidcr.gov.np) अनुसार वितरण नभएको देखिएकोले के कति रकम सामाजिक सुरक्षा वितरण भयो भन्ने एकिन हुन सकिएन र बैंक हिसाव मिलान भइ बांकी रकम संचित कोषमा फिर्ता/दाखिला गर्नु पर्दछ । Social Security And Vital Events Management Information System( SS.donidcr.gov.np) अनुसार श्रेष्ता परीक्षण गर्दा रु.१३८८८६६८०.५ वितरण भएको देखियो । विभिन्न वैंकहरुमा किस्ता रकम ss.donidcr.gov.np अनुसार मिलान नभएकोले मिलान गर्नु पर्ने रकम रु.११६५२६६४६ रहेको छ ।

| बैंक | विभिन्न किस्ता रकम |
|---|---|
| कृषिविकास वैंक | १५१४४४८५ |
| राष्ट्रियवाणिज्य वैंक | १४१८७३५५ |
| कुमारीवैंक | ६४२२३५५४ |
| नेपालबैंक | ५४५५३५३ |
| नेपालइन्भेष्टमेन्ट मेघा बैंक | १७५१५८९९ |

| | |
|---|---|
| जम्मा | ११६५२६६४६ |

३७.२ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । लेखापरीक्षण योजना अनुसार २ वडाको वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैङ्क मार्फत वितरण गरेको भत्ताको अद्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन । निश्चित समय अन्तरमा लगत अद्यावधिक नभएकोले मृत्यू भई लाभग्राही सूचिवाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैंकमा निकासा जाने गरेको देखियो । लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नु पर्दछ ।

३७.३ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा २३(५) मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ। लेखापरीक्षणको क्रममा निष्कृय लाभग्रहीको खाता माग गर्दा उपलब्ध गराएको छैन । पालिकाले निष्कृय लाभग्राहीको खाताको विवरण माग गरी लगत अद्यावधिक गर्नु पर्दछ ।

३७.४ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि ,२०७७ को बुंदा २६(३) मा एक आर्थिक वर्ष सम्म पनि रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्वन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्वन्धीत वडा कार्यालय तथा बैंकबाट लगत कट्टा हुने गरि लगत कट्टा गरेको मिति सम्मको रकम सम्वन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछीको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। वितरण गरि बाँकी तथा लगत कट्टाको विवरण सम्वन्धीत बैंकबाट लिई छानविन गरेको तथा बैंकले वितरण गरि बाँकी रहेको रकम समयमा फिर्ता गरेको पाइएन । बैंकले पालिकाबाट प्राप्त निकासा वितरण गरि बाँकी रहेको रकम र लगत कट्टा भई फिर्ता गर्नुपर्ने रकम फिर्ता गरेपनि कुन कुन लाभग्राहीको लगत कट्टी बाट के कति रकम फिर्ता भएको हो स्पष्ट देखिने गरि विवरण दिएको देखिएन। पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको छानविन गरी स्पष्ट रुपमा नामनमेसी खुल्ने गरि भत्ता रकम संघीय संचित कोषमा फिर्ता/दाखिला गर्नु पर्दछ ।

## ३८ रितपूर्वकको कर विजक -

मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार भुक्तानी गरेकोमा विजक नं. हातले लेखेकोले मुल्य अभिवृद्धी कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने रु.

| गो भौ नं/ मिति | फर्मकोनाम | मिति | विलरकम | मुल्यअभिवृद्धि कर | कैफियत |
|---|---|---|---|---|---|
| १०५/२०७९।१२।०१ | सुजलइन्ट्रप्राइजेज | २०७९।९।०८ | १४१७०३.८४ | १८४२१ | विल विजक हातले केरमेट गरिएको |
| १०६/२०७९।१२।२६ | सुजलइन्ट्रप्राइजेज | २०७९।१०।०७ | १२६०३७.८४ | १६३८४ | |
| १०७/२०७९।१२।२६ | सुजलइन्ट्रप्राइजेज | २०७९।०९।१५ | ७७८७६ | १०१२३ | |
| १०८/२०७९।१२।२६ | सुजलइन्ट्रप्राइजेज | २०७९।०९।१० | ७०६२० | ९१८० | |
| १०९/२०७९।१२।२६ | सुजलइन्ट्रप्राइजेज | २०७९।१०।०७ | ९७६२० | १२६९१ | |
| ११०/२०७९।१२।०६ | सुजलइन्ट्रप्राइजेज | २०७९।१२।२६ | ३५३९८२.२५ | ४६०१८ | |
| जम्मा | | | ८६७८४० | ११२८१७ | |
| | | | | अनियमित भएको | १,१२,८१७ |

३९ **फोहोरमैला व्यवस्थापन -**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ - वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

४० **पाडा वितरण (१७५-२०८०- ३- ७)**

पोषण सुधारको लागि विपन्न समुदायको महिला वा सहकारीहरुलाई विपन्न सदस्यहरुको आय आर्जन सुधार कार्यक्रम अन्तर्गत पाडा खरिद गरि जलदेवी आमा समूहलाई रु. ६२५०००। - भुक्तानी भएकोमा कार्यक्रमको लागत अनुमान तयार नगरेको पाडाको विलमा के कति कुन जात नखुलाएको स्वास्थ्य स्थिति चेकजाच नगरेको हालसम्मपनि अनुगमन

गरेको देखिने प्रतिवेदन पेश नभएको नगरपालिकावाट वितरण गरेकोमा पाडामा ट्याग नलगाएको र पशु विमा गरेको नदेखिएकोले उक्त प्रमाण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ६,२५,००० |

४१ **लघु उद्यम (२९९ -२०८०- ३ -२४)**

मा संघीय शर्सत बजेट बमोजिम नगरपालिकाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने विभिन्न ६ वटा समूहलाई वितरण गर्नको लागि Sujal Enterprises बाट निम्न सामान खरिद गरी रु. ५५३००० भुक्तानी भएकोमा ती सामानहरु समुहलाई हस्तान्तरण भएको भरपाई पेश नभएको ले प्रमाण पेश गर्ने पर्ने रु.

| गो भौ /मिति | सामानकोविवरण | सामानकोमुल्य | भुक्तानीरकम |
|---|---|---|---|
| २९९/२०८०।०३।२४ | Combine rice mill (excempt) 2 set | 69500 | १३९००० |
| | Paydan and Table set (20 set) | 5309.73 | १०६१९४.६९ |
| | sewing machine (20 set) | 13500 | २७०००० |
| | Electrical Iron (20 set) | 1061.95 | 21238.94 |
| | अन्य सामान | | १६५६६ |
| जम्मा | | | ५५३००० |

| | |
|---|---|
| अनियमित भएको | ५,५३,००० |

४२ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा ८ वटा योजना सञ्चालन गरी यस वर्ष १२८ जनालाई औसत ३६ दिनले ४५९९ दिन रोजगारी उपलव्ध गराई रु. २६,३३,७३६। -श्रमिक ज्याला खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । कार्यक्रम सञ्चालन निर्देशिका बमोजिमलक्षित बेरोजगार हरुलाई प्राथमिकीकरण गरि आइ डी. .ए. बाट प्राप्त रकमको कार्यक्रम तर्जुमा गर्दा १०० दिन रोजगारीको अवसर

दिनुपर्नेमा औसत ३६ दिन मात्र रोजगारी उपलब्ध गराइएको देखिन्छ । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

४३ **आय ठेक्कामा मूल्य अभिवृद्धि र आय कर-**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर र आय कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर र आय असुल गरी बे - दर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर र आय कर रु.६३१९१६/ - असुल गरेकोमा उक्त रकम सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्ने रु.

| क.सं. | व्यवसायी | न्यूनतम कायम रकम | कबोल रकम | मूअकर | आय कर | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | विजय साह बनिया | १८०६०१३ | १८०६०१५ | २३४७८१.९५ | २७०९०.२३ | २६१८७२.१८ |
| २ | राम कृष्ण यादव | ४९२९२३.०८ | ५००००० | ६५००० | ७५०० | ७२५०० |
| ३ | चंदेस्वर साह कानु | १२४००४ | २११७५१ | २७५२७.६३ | ३१७६.२६ | ३०७०३.८९ |
| ४ | उमेश कुमार सहनी | १३६००० | २०५५५१ | २६७२१.६३ | ३०८३.२६ | २९८०४.८९ |
| ५ | उमेश कुमार सहनी | ४६०००० | ६३५१५१ | ८२५६९.६३ | ९५२७.२७ | ९२०९६.९ |
| ६ | उमेश कुमार सहनी | ३६०८८० | ५२०१५१ | ६७६१९.६३ | ७८०२.२७ | ७५४२१.९ |
| ७ | संकर साह कानु | ८२००० | १४०००० | १८२०० | २१०० | २०३०० |
| ८ | सीताराम मुखिया | १०३५६१.६४ | १०४००० | १३५२० | १५६० | १५०८० |
| ९ | आकाशमान सिंह बस्नेत | ४४४०० | ११५००० | १४९५० | १७२५ | १६६७५ |
| १० | सीताराम मुखिया | ४५७३२.८२ | ४६००० | ५९८० | ६९० | ६६७० |
| ११ | विजय साह बानिया | ६०१८० | ६५००० | ८४५० | ९७५ | ९४२५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | कृष्ण सहनी | ९४२४.६६ | ९४२५ | १२२५.२५ | १४१.३८ | १३६६.६३ |
| | जम्मा | ३७२५११९ | ४३५८०४४ | ५६६५४५.७२ | ६५३७०.६७ | ६३१९१६.३९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,३१,९१६.३९ |

४४ **१५ सैया अस्पताल भवन निर्माण कार्य** -

४४.१ ठेक्का नं. ५।०७७।७८ १५ शैया अस्पताल भवन निर्माण कार्यको निर्माण व्यवसायी न्यू ड्राइगन जे.भी. संग सम्झौता रकम रु. १६१३१७१८७.३७।— (मू.अ.कर समेत) २०७९।९।१३ सम्ममा कार्य सम्पन्न गर्ने गरी २०७८।१।१३ मा सम्झौता र २०७८।३।१५ मा कार्यदेश दिएकोमा लेखापरीक्षण अवधिसम्म उक्त कार्य करिव ९० प्रतिशतसम्पन्न भई पाचौ रनिङ बिलसम्म रु. १४४१०१०१.७५ (मूल्य बृद्धि र मू.अ.कर समेत) भुक्तानी भएकोमा देहायका व्यहोराहरु देखिएका छन् -

४४.२

नगरपालिकाले चौथो रनिङ विलको रु. २१०१९८५४।— भुक्तानी भएकोमा कम्प्युटरीकृत कर बिजक रु. २९८००५३०.८० भएकोमा श्रेस्तामा पेश भएको विलमा हस्ताक्षर र सम्वन्धित फर्मको छाप लगाएको देखिएन । प्रमाणित विल पेश गरी नियमको पालना हुनु पर्दछ ।

४४.३ **बिलविजक बेगरको भुक्तानी** - पाचौं रनिङ बिलबाट भुक्तानी गर्दा प्रोभिजनल समको आइटम ल्याव टेष्ट बापत रु. १०००००। - भुक्तानी गरेकोमा टेष्ट रिपोर्ट र बिजक संलग्न नभएकोले बिल बिजक बेगरको भुक्तानी असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

४४.४ **बढी भुक्तानी** - पाचौं रनिङ बिलसम्म रु. १४४१०१०१.७५ (पि.एस., मूल्य समायोजन र मू.अ.कर समेत) को कार्य मूल्यांकन भएकोमा हालसम रु. १४६३१९७४६।— भुक्तानी भएकोले मूल्यांकन भन्दा बढी रु. १९०९६४५।—भुक्तानी भएको असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,०९,६४५ |

४४.५ उक्त निर्माण कार्यको म्याद २०७९।९।१३ मा म्याद समाप्त भएको र लेखापरीक्षण अवधिसम्म पनि काम सम्पन्न भएको छैन । कार्यपालिकाको २०८०।३।५ को बैठकबाट २०८० असार मसान्तसम्म म्याद थप भएको छ । तर निर्माण व्यवसायीले म्याद थपको लागि निवेदन दिएको देखिएन । तसर्थ नियमानुसार हर्जाना असुल गर्नु पर्दछ ।

### ४५ ठेक्का अभिलेख -

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

### ४६ नाफामूलक संस्थालाई अनुदान -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । नाफामुलक गायत्री साना किसान कृषि सहकारी संस्थालाई भवन निर्माणको लागि रु.१९४००००।— अनुदान प्रदान गरेको छ । उक्त सहकारी संस्थाले लेखापरीक्षण प्रतिवेदन समेत पेश गरेको छैन । नाफामुलक संस्थाका रुपमा संचालित गायत्री साना किसान कृषि सहकारी संस्थालाई अनुदान दिएको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १९,४०,००० |

### ४७ सुरक्षित नागरिक आवास कार्यक्रम -

शहरी विकास मन्त्रालयद्वारा जारी सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा ५ मा लाभग्राहीलाई जस्ता पाता, काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अघि बढाउन पहिलो किस्तामा ६० प्रतिशत र सम्बन्धित स्थानीय तहको प्राविधिकबाट कार्यसम्पन्न तयार भए पश्चात दोश्रो तथा अन्तिम किस्ता बापत ४० प्रतिशत रकम निकासा गर्नुपर्ने व्यवस्था छ । त्यस कार्यालयले सुरक्षित नागरिक आवास कार्यक्रमका लागि गोश्वारा भौचर नम्बर २।०७९।६।१४ बाट १८३ जना लाभग्राहीलाई दोश्रो किस्ता रु. १०००० का दरले रु. १८३००००। - र गोश्वारा भौचर नम्बर ५।०७९।७।६ बाट तेश्रो किस्ता रु. १४५००। - का दरले रु. २६५३५००। -लाभग्राहीको बैंक खातामा निकासा दिएको छ ।लेखापरीक्षणमा लाभग्राहीहरुलाई हालसम्म भुक्तानी भएकोविवरण पेश गर्न भनिएकोमा पेश भएन ।अत - उक्त रकम लाभग्राहीले उद्देश्य बमोजिम खर्च गरे नगरेको अनुगमन तथा प्राविधिकको शिफारिस सहितको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४४,८३,५०० |

### ४८ अधुरो निर्माण कार्य -

यस पालिकाले विभिन्न निर्माण कार्यको लागि उपभोक्ता समितिसँग यस आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी सम्झौता गरी कार्यदिश दिएकोमा कतिपय योजनाहरु स्वीकृत लागत अनुमान एवं सम्झौता बमोजिमको कार्य सम्पन्न हुन नसकी अधुरो अवस्थामा रहेको पाईयो सम्झौता बमोजिम समयमै कार्यसम्पन्न गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| गो.भौ. | उपभोक्ता समिति | निर्माण कार्य | भुक्तानी रकम |
|---|---|---|---|
| २३।२०८०।३।२४ | वडा नं. ११ मा धर्मशाला निर्माण उपभोक्ता समिति | धर्मशाला भवन निर्माण | २४२२०२४। - |
| ३८।२०७९।७।१४ | कछरिया टोलमा सामुदायिक भवन निर्माण उपभोक्ता समिति | सामुदायिक भवन निर्माण | १९३७७९८। - |

४९ **ह्युमपाइप (५९ - २०७९ - ७ - ५)**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख)(ग) बमोजिम सार्वजनिक निकायले रनिङ बिलको भुक्तानी गर्दा प्राविधिक नाप जांच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा गर्न सकिने व्यवस्था छ । नगरपालिकाले बागमति ह्युम पाइप उद्योगबाट ८५ थानको रु. १३६१६५०।— मा खरिद भएकोमा कहां के कति जडान गरेको नापी किताव पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,६१,६५० |

५० **अग्रिम कर (१५४ -२०७९-१ -३) -**

आय कर ऐन, २०५८ को दफा ८७,८८,८९ बमोजिम भुक्तानी गर्दा अग्रीम कर कट्टी गरी भुक्तानी गर्नु पर्दछ ।अग्नि इन्कर्पोरेटेड लिमिटेडबाट १ थान एम्बुलेन्स रु. २०१००५०। - मा खरिद गरेकोमा १.५ प्रतिशत कर कट्टी नगरी पुरै रकम भुक्तानी दिएको देखिएकोले सोबापत हुने अग्रिम कर रु. ३०१५१।— असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,१५१ |

५१ **सडक बोर्ड ठेक्का नं. १।०७९।८०**

सडक मर्मत गर्ने कार्यको लागत अनुमान रु. ५४११७६५।— (मू.अ.कर समेत) २०८०।३।२० सम्म कार्य सम्पन्न गर्ने गरी रु.४९५००२५। (मू.अ.कर समेत) सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म उक्त कार्य सम्पन्न नभएको र ठेक्काको म्याद थप समेत भएको देखिएन । ठेक्काको म्याद समाप्त हुनु भन्दा २१ दिन पहिले नै निर्माण व्यवसायीले निबेदन दिनु पर्ने व्यवस्था भए पनि निवेदन दिएको प्रमाण पेश नभएकोले निजलाई पूर्व निर्धारित क्षतिपूर्ति

लगाई म्याद थप गरी कार्य सम्पन्न गर्नु पर्दछ ।त्यस्तै कार्यसम्पादन जमानतको म्याद २०८०।५।६ सम्म भएकोमा सोको म्याद समेत थप गर्नु पर्दछ ।

५२ **बिमा -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

| ठेक्का नं | निर्माण व्यवसायी | सम्झौता रकम | विओक्यू मा वीमा रकम | कामको विवरण |
|---|---|---|---|---|
| ठेक्का नं. ११।०७६।७७ | | १४०९३०१८।९६ | ५०००० | तरकारी सेड निर्माण कार्य |
| ठेक्का नं. १।०७८।७९ | | ४९५००२५। - | ४१८१२ | सडक निर्माण |

५३ **कार्यक्रम संशोधन (२८-२०८०-३ -२२) -**

संघीय सरकार शसर्त अनुदान पूजिगत तर्फको स्विकृत कार्यक्रम अनुसार कार्यान्वयन गर्नु पर्दछ यस नगरपालिकाको बजारमा अतिथि सदन निर्माण गर्नुपर्नेमा नगरपालिकाले कार्यक्रम संशोधन नगरी वडा नं ५ मा सभाहल निर्माण कार्य गरेकोले नियमसम्मत नदेखिएको रु.

| | | |
|---|---|---|
| | अनियमित भएको | २५,००,००० |

५४ **बायोग्यांस जडान (६ -२०७९- ७-९) -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको र भुक्तानी दिन रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । बायोग्यांस जडान बापत आविष्कार इनर्जी प्रा.लि. लाई रु. ७९६००० भुक्तानी

दिएकोमा लाभग्राहीको विवरण, लाभग्राहीहरुको छनोटको आधार , निर्णय, वडाको शिफारीस र पेश नभएकोले उक्त प्रमाण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,९६,००० |

५५ **प्राविधिक बिल र कार्य सम्पन्न -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

५६ **जटिल संरचना निर्माण -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् -

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २१।०८०।३।२४ | वडा नं. १२ मा भवन निर्माण उ.स. | भवन निर्माण | २४२५००० |
| २३।०८०।३।१३ | सामूदायिक आवास निर्माण उपभोक्ता समिति | सामूदायिक आवास भवन निर्माण | २५००००० |
| २३।२०८०।३।२४ | वडा नं. ११ मा धर्मशाला निर्माण उपभोक्ता समिति | धर्मशाला भवन निर्माण | २४२२०२४ |

| | | | |
|---|---|---|---|
| ३८।२०७९।७।१४ | कछरिया टोलमा सामुदायिक भवन निर्माण उपभोक्ता समिति | सामुदायिक भवन निर्माण | १९३७७९८। - |
| २४।०८०।३।२४ | वडा नं. १६ मा सामुदायिक भवन निर्माण उपभोक्ता समिति | सामुदायिक भवन निर्माण | २४११७७१ |
| ११।०८०।३।२३ | वडा नं. ७ मा सामुदायिक भवन निर्माण उपभोक्ता समिति | सामुदायिक भवन निर्माण | २४११६८१ |
| २८।०८०।३।२२ | सभा हल तथा अतिथि सदन भवन निर्माण उ स | सभाहल निर्माण | २४२५००० |
| २६४।०८०।३।२२ | सामुदायिक भवन निर्माण उपभोक्ता समिति | सामुदायिक भवन निर्माण | १९४०००० |

पालिकाले नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।साथै, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम उपभोक्ता समितिबाट निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । उपर्युक्त अनुसार वडा नं. १२ मा भवन निर्माण र सभाहल निर्माण कार्य नगरपालिका र भवन भएकोले निर्माण सम्पन्न भएपछि उक्त भवन उपभोक्ता समितिलाई हस्तान्तरण नहुने हुनाले यस्तो भवन निर्माण कार्य उपभोक्ता समितिलाई दिन मिल्दैन ।तसर्थ स्वामित्व हस्तान्तरण नहुने भवन निर्माण कार्य उपभोक्ता समितिलाई दिने परिपाटीको अन्त्य हुनु पर्दछ ।नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

---

५७ **हेभी इक्विपमेण्टको प्रयोग** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् -

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १४।०७९।६।१२ | सडक स्तर उन्नति उपभोक्ता समिति | सडक स्तरोउन्नति | ५६७४५०० |
| २।०८०।३।२८ | पोखरी निर्माण उपभोक्ता समिति | पोखरी खन्ने | १६६०७७१ |

## ५८ लागत सहभागिता -

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

## ५९ गैर सरकारी संस्था मार्फत कार्य -

सार्जजनिक खरिद नियमावली २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम समयावधि कामको गुणस्तर जनशक्ति कार्य सञ्चालन विधि सहितको कार्य गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा समाबेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्युनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ । तर त्यसता संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नभएको मौजुदा सूचीमा दर्ता नगरेको राष्ट्रियस्तर /स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरी सोझै कार्यादेश दिएको देखिएको छ । साथै पालिकाले संसथाहरुबाट भएको कामको सम्झौता बमोजिम कार्य भएको सम्बन्धीत विद्यालय तथा वडा बाट सिफारिस वेगर भुक्तानी गरेको रु. २९५६६५०। - को प्रमाण कागजात पेश हुनु पर्ने रु.

| गो भा /मिति | संस्थाको नाम | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|---|
| ६३४ - २०८०।०३।१३ | भरोसा नेपाल | बालबालिका माथी हुने शारिरीक मानसिक दण्ड सजाय तथा यौंनजन्य दुरव्यवहार सम्बन्धीअभिमुखीकरण एक दिने कार्याक्रम | ४९७२५० | सम्झौताको बुँदा नं ४मा नगरपालिकाको पाँचवटा विद्यालयमा सञ्चालन गर्नुपर्ने सम्झौता भएकोमा कुन कुन विद्यालयमा कार्यक्रम सञ्चालन भएको सम्बन्धित वडा तथा विद्यालयले कार्यक्रम सञ्चालन भएको सिफारिस नपाइएको । |

| | | | | |
|---|---|---|---|---|
| ६३९ - २०८०।०३।१५ | एक्सन नेपाल | सकारात्मक अभिभाकत्व सम्बन्धि १ दिने अभिमुखीकरण कार्यक्रम | ४९७२०० | सम्झौताको बुँदा नं ४मा नगरपालिकाको पाँचवटा विद्यालयमा सञ्चालन गर्नुपर्ने सम्झौता भएकोमा कुन कुन विद्यालयमा कार्यक्रम सञ्चालन भएको सम्बन्धित वडा तथा विद्यालयले कार्यक्रम सञ्चालन भएको सिफारिस नपाइएको । |
| ६५७ - २०८०।०३।१८ | भरोसा नेपाल | विद्यालयहरुका लागी विपद व्यवस्थापन तालिम | ४९७००० | सम्झौताको बुँदा नं ४मा नगरपालिकाको दशवटा विद्यालयमा सञ्चालन गर्नुपर्ने सम्झौता भएकोमा कुन कुन विद्यालयमा कार्यक्रम सञ्चालन भएको सम्बन्धित वडा तथा विद्यालयले कार्यक्रम सञ्चालन भएको सिफारिस नपाइएको । |
| ६८५ - २०८०।०३।१९ | होप नेपाल | विद्यालयका किशोरीहरुलाई जिवन उपयोगी सिप विकास तालिम | ४७६१०० | सम्झौताको बुँदा नं ४मा नगरपालिकाको पाँचवटा विद्यालयमा सञ्चालन गर्नुपर्ने सम्झौता भएकोमा कुन कुन विद्यालयमा कार्यक्रम सञ्चालन भएको सम्बन्धित वडा तथा विद्यालयले कार्यक्रम सञ्चालन भएको सिफारिस नपाइएको । |
| ७०३ - २०८०।०३।१९ | भरोसा नेपाल | कोभिड १९ लगायत विभिन्न माहामारी रोग नियन्त्रण तथा रोकथाम कार्यक्रम | ४९५१०० | सम्बन्धित वडाबाट कार्यक्रम सञ्चालन को सिफारिस तथा पालिकाबाट अनुगमन भएको प्रमाण पेश नभएको |
| ७९९ - २०८०।०३।२४ | मनकामना सामुदायिक सञ्चार संस्था | जलबायु परिवर्तन तथा जोखिम न्युनीकरण सम्बन्धि कार्यक्रम | ४९४००० | सम्बन्धित वडाबाट कार्यक्रम सञ्चालन को सिफारिस तथा पालिकाबाट अनुगमन भएको प्रमाण तथा सम्झौताको बुदाँ ५ ग मा अनिवार्य रुपमा ल्याव परीक्षण प्रतिवेदन दोस्रो पक्षले भुक्तानी माग गर्दा पेश गर्नुपर्ने पेश नभएको । |

| जम्मा | २९५६६<br>५० | |
|---|---|---|

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | २९,५६,६५० |

६० **असम्वन्धित बिल -**

पालिकाले उपभोक्ता समितिमार्फत सडकमा ग्राभेल बिछ्याउने कार्य गर्दा रोलर, ग्रेडर, वाटर ट्यांकर समेतको दर विश्लेषण समावेश गरी भुक्तानी गरेको छ । नमुना छनोट गरी केही सडक योजनाको कागजात परीक्षण गर्दा उपभोक्ता समितिहरुले मेसिनरी औजार उपकरण प्रयोग गरे बापत उपकरण भाडको विल पेश नगरी इन्धन खरिद गरेको विल मात्रपेश गरी भुक्तानी लिएको देखिन्छ । तसर्थ दर विश्लेषणमा समावेश भएको औजार उपकरण कुन निकाय वाट वा व्यवसायीबाट भाडामा लिई प्रयोग गरेको खुल्ने स्थिति देखिंदैन । मेशिन औजारको दर विश्लेषण बमोजिम इन्धन खपत कम हुनेमा ६२ गुणासम्म बढीको ईन्धनको बिल पेश भएको देखिन्छ । तसर्थ मेशिन औजार प्रयोग गर्ने गरी दर विष्लेषण भएकोमा मेशिन औजार भाडामा लिएको मू अ कर बिल बिजक पेश गर्नु पर्नेमा यस सम्बन्धमा पालिकाले यकिन गर्नुपर्ने देखिएकोईन्धनको बिल पेश गरेकोले असम्वन्धित बिल पेश गरि भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.

| गो.भौ. नं. र मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | काम | कामको परिमाण | दर विष्लेषण अनुसार लाग्ने तेलको परिमाण | खरिद भएको तेलको परिमाण | ईन्धनको बिल |
|---|---|---|---|---|---|---|---|
| २।०८०।३।२२ | वडा नं. १० भगवानपुर सडक स्तरोन्नति उ.स. | ४८५०००० | Scarifying, / earth filling subbase | १६१०३.३३ ब.मि., १८४०.६३ घ.मि. | ३०३८.३५ लिटर | १३०४६.७७ लिटर | १८०६९२० |
| ५।०८०।३।२२ | सडक विस्तार र स्तरोन्नती उ.स. | २४२४७०५ | Scarifying the exsiting road | १६८९.१० ब.मी. | ७६ लिटर | ३८२५ लिटर | ७०५१७५ |
| ४।०८०।३।२२ | सडक स्तरोन्नती उ.स. | २४२५०००० | Scarifying the existing road | १३८१.१० ब.मी. | ६२ लिटर | ३८२५ लिटर | ६०००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २५।०८०।३।२४ | वडा नं १४ सडक स्तरोन्नती उ.स. | २४२५००० | Scarifying / subbase | ८०२१. व.मि. र १८२२.६० घ.मि | १०९९ लिटर | ५९६० लिटर | ९३२७४० |
| २७।०८०।३।२४ | वडा नं. १७ सडक ढलान उ.स. | २४२५००० | Earth filling and compaction | ५०५.८८ घ.मि. | ३७२ लिटर | २९८० लिटर | ४९६१७० |
| जम्मा | | | | | | | ४००१००५ |
| | | | | | अनियमित भएको | | ४०,०१,००५ |

६१ **अमानतबाट निर्माण कार्य -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ (१) मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न वडाहरुको सिफारिश संलग्न गरी वडा अध्यक्ष, सचिव एवं कर्मचारीमार्फत कार्यालयमा अमानतमा गराई भुक्तानी दिएको देखियो । पालिकामा निर्माण उपकरणहरू रहेकोमा सो को उपयोग नगरी तथा आवश्यक परेको खण्डमा निर्माणसम्बन्धी आवश्यक सामग्री उपलब्ध गराई ज्याला मार्फत काम गराउनु पर्नेमा सो व्यवस्था विपरीत कार्यालयले वडा सचिव तथा अन्य व्यक्तिहरु मार्फत भरपाइ तथा डोर हाजिरी संलग्न गरी योगदान संलग्न नगरी भुक्तानी दिदा मितव्ययी हुने नदेखिएकोले नियम कानुनको परिपालना गरी कार्य गराउनुपर्ने देखिन्छ ।

| गो भौ नं मिति | योजनाको नाम | वडा नं | भुक्तानी रकम रु | भुक्तानी पाउने | पद |
|---|---|---|---|---|---|
| नपा पुँजीगत | | | | | |
| ७६ - २०७९।०८।२० | ग्रावेल मर्मत | ७ | ९५४८६ | गीता कुमारी | वडा सचिव |
| ७८ - २०७९।०८।२० | ग्रावेल मर्मत | ७ | ९५८७४ | सञ्जय दास | का स |
| २६५ - २०८०।०३।२२ | सडक ग्रावेल | १० | ९४९५८ | लक्ष्मण श्रेष्ठ | वडा सचिव |
| नपा चालु | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५९० - २०८०।०२।२५ | विद्युत मर्मत | ६ | ७७०५० | शम्भु प्रसाद महतो | वडा सचिव |
| ६१५ - २०८०।०३।०३ | वडा कार्यालय मर्मत | १३ | ८९०१२ | सज्जिव कुमार यादव | वडा सचिव |
| ६१६ - २०८०।०३।०३ | वडा कार्यालय मर्मत | १३ | ४०२१० | विरेन्द्र कुमार चौधरी | का स |
| ६६८ - २०८०।०3।19 | शिव चर्चा | ३ | ५०००० | विजय कुमार श्रेष्ठ | वडा सचिव |
| ६६९ - २०८०।०३।१९ | बाटो ग्रावेल | ४ | ६१९६० | शुभोद महता | वडा सचिव |
| ६७० - २०८०।०३।१९ | कल्बट मर्मत | ४ | ४१८८१ | शुभोद महता | वडा सचिव |
| ६७१ - २०८०।०३।१९ | हिम पाइप कल्बट मर्मत | ४ | ९८००० | शुभोद महता | वडा सचिव |
| ७१५ - २०८०।०३।२१ | कल्बट मर्मत | ४ | ६०००० | शुभोद महता | वडा सचिव |
| ७९६ - २०८०।०३।२४ | सडक मर्मत | १५ | ९३९०९ | देव नाथ राय | वडा सचिव |
| ७३८ - २०८०।०३।२३ | नयाँ ट्रेक खोल्ने | २ | ७३०७१ | विसाल कुमार महतो | वडा सदस्य |
| ८०४ - २०८०।०३।२४ | गढिमाँइ मन्दिर ट्रष्ट निर्माण | ४ | ९९६९३ | शुभोद महता | वडा सचिव |
| जम्मा | | | १०७११०४ | | |

६२ **अन्य कार्यालयको खर्च -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। पालिकाले अन्य

कार्यालयको लागि बजेट विनियोजन गरी निम्नानुसार रु. । खर्च गरेको छ । संघीय सरकारको सहमति नलिई संघीय सरकार मातहतको कार्यालयको लागि खर्च गर्ने प्रबृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

| गो.भौ. नं. | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| ४६।०७९।६।१४ | इलाका प्रहरी कार्यालय, बरहथवा | भबन निर्माण | ९७०००० |
| १००।०७९।१०।१२ | सशस्त्र प्रहरी बल नं १० कविलासी | पूर्वाधार निर्माण | ४६६२२२ |
| ७२।०७९।८।८ | सशस्त्र बेश क्याम्प सु चुमा | कम्पाउण्ड वाल निर्माण | ३९०६७४ |
| जम्मा | | | १८२६८९६ |

६३ **कार्यसम्पादन अनुदान (१२-२०८०-२ -१०) -**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८|७९ को क्रियाकलाप नं २.७.१३.१३ मा शिक्षण सिकाइमा आइ. सि. टी. को लागि एक विद्यालयलाई रु. ६५००००।०० अनुदान दिने व्यवस्था छ । कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट देहायका विद्यालयलाई ICT ल्याव व्यवस्थापनका लागी रु.६५००००/ - का दरले निकासा भएको देखिन्छ । विद्यालयहरुमा निकासा दिएको रकमबाट कार्यक्रमको उदेश्य अनुरुप भएको खर्च भए नभएको सम्वन्धमा पालिकाबाट अनुगमन गरी कार्क्रम सम्पन्न भएको प्रमाण सहितको प्रतिवेदन पेश गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | सरस्वति मा.वि. हजरिया | ६५०००० |
| २ | आ.वि. हजरिया | ६५०००० |
| ३ | आधारभूत विद्यालय हजरिया | ६५०००० |
| जम्मा | | १९५०००० |

| प्रमाण पेश नगरेको | १९,५०,००० |
|---|---|

६४ **कर बिजक -**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु.७८७६५२। - समेत रु.६७६८७७१।सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायीले पेश गरेको रितपूर्वकको कर बिजकमा निम्नानुसार कैफियत देखिएकोले मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. ७८७६५२। -

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | कर विजकको अवस्था | बिल रकम | मुअ कर रकम |
|---|---|---|---|---|
| १५२।०७९।१२।२९ बिल | पुजिगत सुजल इन्टरप्राइजेज | २०६९।११।९ को जार बिलमा बिजक नम्वर नभएको | ७७२५६० | १००४३३ |
| ७४०।०८०।३।२३ | सर्लाही ट्रेडीङ कन्सर्न | २०८०।२।२९ को बिजक नम्वर नभएको | ८८३०० | ११४७९ |
| ९५।०७९।९।२८ | चार्ल्स बिल्डर प्रा.लि. | ०७९।६।११ को विजक नं नभएको | ५१९८००० | ६७५७४० |
| जम्मा | | | ६०५८८६० | ७८७६५२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,८७,६५२ |

## ६५ विद्यालय भौतिक पूर्वाधार -

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तह विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९|1|५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. ९२५००००। - निकासा भएकोमा भवन निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| सि.नं. | बिद्यालयको नाम | सम्झौता रकम | निकासा रकम |
|---|---|---|---|
| १७।०८०।३।५ - | जनता मा.वि. रामनगर हिरापुर | ४५००००० | २४७५००० |

| | | | |
|---|---|---|---|
| १७।०८०।३।५ - | जनहित मालभोगिया मुनिलाल मा.वि. | २२५०००० | १७७५००० |
| ३१।२०८०।३।२३ | महेन्द्र रत्न जगरनाथ लक्ष्मिनिया मा.वि. | ५०००००० | ५०००००० |
| जम्मा | | ११७५०००० | ९२५०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९२,५०,००० |

६६ **बढी भुक्तानी (१०-२०८०- ३- २३) -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात पेश गर्नु पर्ने व्यवस्था छ ।प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम तर्फको कार्यक्रमबाट नेपाल बैंक लिमिटेड देखि वालम चोकसम्मको नाला निर्माण कार्यको नाला निर्माण उपभोक्ता समितिलाई रु. २४२५०००। - भुक्तानी भएकोमा डण्डीको आइटममा उपभोक्ता समितिले ५६३० के.जी. डण्डी खरिद गरेकोमा प्राविधिक मूल्यांकनमा ६०१८.४३ के.जी. मूल्यांकन भुक्तानी भएको देखिएकोले ३८८.४३ के.जी.को प्रति के.जी. रु. १२१।—का दरले रु. ४७०००। - बढी भुक्तानी भएको देखिएकोले असुल गर्नु पर्ने रु. ४७०००। -

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,००० |

६७ **उपभोक्ता समिति मार्फतको निर्माण कार्य -**

पालिकाले यस वर्ष अधिकांश कार्य उपभोक्ता समितिबाट गराएको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिमार्फत खरिद व्यवस्थापन सम्बन्धमा व्यवस्था रहेकोमा देखिएका सैद्धान्तिक व्यहोराहरु निम्नानुसार रहेका छन् -

- पालिकालेउपभोक्ता समितिवाट कार्य गराउँदा सम्झौता गर्नु अगाडी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) अनुसारको प्रक्रिया पूरा गरेको देखिएन । यसबाट निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन ।
- पालिका र उपभोक्ता समिति बिच भएको संझौतामा निर्माण कार्य पूर्व र सम्पन्न भए पछिको फोटो पेश गर्नु पर्ने उल्लेख भएपनि सो बमोजिमको फोटो राख्ने गरेको देखिएन ।तसर्थ योजनाको निर्माण कार्यको पूर्व र सम्पन्न भए पछिको फोटो संलग्न गरी निर्माण कार्यलाई विश्वसनीयता बनाउनु पर्दछ ।
- निर्माण कार्यको ड्रईङ डिजाइन राख्ने गरेको छैन । निर्माण कार्यको मूल्यांकन बमोजिमको परिमाणसंग मिल्ने गरी सामग्री खरिदको यथार्थ विल भरपाई राख्नु पर्नेमाराख्ने गरेको देखिएन । तसर्थ यस सम्बन्धमा ध्यान दिई प्रमाण कागजात र अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा स्थानिय स्तरमा रोजगारी हुने गरी श्रममूलक कार्य गराउनुपर्दछ । पालिकाले कृषि सडक, सडक मर्मत तथा ग्राभेल लगायतको निर्माण कार्यहरुमा हेभी मेसिनको प्रयोग गराई कार्य गरेको छ । अधिकांस योजनाको ठूलो अंश मेशिन भाडामा खर्च हुने देखिएकोले सार्वजनिक खरिद नियमावलीको मर्म र भावना अनुरुप स्थानीय स्तरमा रोजगारी सृजना गराई आयआर्जनमा वृद्दि गराउने लक्ष्य अनुरुपको कार्य भएको देखिएन । साथै निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्य हुने स्थानमा हेभी उपकरणको प्रयोग गर्नुपर्ने प्राविधिक प्रतिवेदन संलग्न भएको पाइएन ।
- पालिकाले निर्माण कार्यको लागत अनुमान तयार गर्दा ढुवानी भाडा (lead distance) समेत संलग्नगरी वडै पिच्छे फरक दररेट कायम गरेकोमा निर्माण सामग्री उपलब्ध भएको स्थानबाट कार्यस्थलसम्म दुरी कति पर्ने हो सो सम्बन्धी विवरण खुलाई राखेको देखिएन । ढुवानीबापतको रकम आईटम दररेटमा संलग्न गर्ने पर्ने अवस्थामा वास्तविक दुरी यकिन गरेर मात्र गर्नुपर्ने देखिन्छ।
- उपभोक्ता समितिहरुले पेश गरेको ग्राभेल, माटो, बालुवा गिटी लगायतका सामग्रीहरु खरिद गर्दा भरपाई मार्फत भुक्तानीको लागि पालिकामा पेश गर्ने गरेको देखियो । निर्माण सामग्रीहरू खरिद गरेको कर विजक पेश गर्ने अनिवार्य व्यवस्था हुनु पर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाइएन ।
- सोही नियमावली, २०६४ को नियम ९७ (१२) बमोजिम निर्माण कार्यसम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सम्पन्न भएका कुनै पनि योजनाहरु उपभोक्तालाई हस्तान्तरण गरेको देखिएन । सम्पन्न योजनाकोअपनत्व कायम गर्नको लागि मर्मत, रेखदेख तथा उचित संरक्षणको कार्यविधि तयार गरी सम्पन्नआयोजनाहरु उपभोक्ता समितिलाईहस्तान्तरण गर्नु पर्ने देखिन्छ ।
- सोहीनियमावली, २०६४ को नियम १२४ मा सार्वजनिक निर्माण कार्य स्वीकार गर्दाप्राविधिक स्पेसिफिकेशन अनुरुपको गुणस्तर कायम रहेको हुनु पर्ने व्यवस्था छ। निर्माण कार्यको प्राविधिक स्पेसिफिकेशनमा गुणस्तर आस्वस्थता योजना पेश गर्ने रसोही योजनाको कार्यान्वयन हुनु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष विभिन्न भवनतथा अन्य संरचना निर्माणमा प्रयोग भएका डण्डी , गिटी, वालुवा, ईटा, सिमेण्ट र कंक्रिट लगायतकानिर्माण सामाग्रीहरुको गुणस्तर परिक्षण गरेको देखिएन । प्राविधिक स्पेसिफिकेशनअनुसार सबै निर्माण सामाग्रीहरुको गुणस्तर परीक्षण गरी गुणस्तर प्रति आश्वस्तहुनु पर्दछ ।
- पालिकाले तोकीएको फारम प्रयोग गर्दा फारममा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्नुपर्दछ । पालिकासँग भएकोसम्भौता अनुसारको बिल भरपाई पेश गर्दा उपभोक्ता समितिले डोर हाजिरमा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । महालेखापरीक्षकबाट स्वीकृत डोर हाजिरी फारम प्रयोग गरी प्राविधिक नर्म्स अनुसार सामाग्री विवरण र श्रम गणना गरी लागत अनुमानका साथ सामाग्री विवरण समेत उपलब्धता गराई निर्माण कार्यमा सुधार हुनुपर्दछ ।

- बिल भर्पाइहरु जोड जम्मा गर्ने नगरेको, सामग्रीहरु कुन ठाउँबाट ढुवानी गरेको हो सो नखुलेको र फरफारक श्रेष्ता साथ संलग्न विवरणको फारमहरु पूर्ण रुपमा भर्ने नगरेको देखियो । यस्तो प्रकारको श्रेस्ताहरु संलग्न गरी भुक्तानी गर्दा अन्तरिक नियन्त्रण प्रभावकारी नहुने, वास्तविक कार्य नभई भुक्तानी हुन सक्ने लगायतका समस्या देखिन सक्ने भएकोले यसमा सुधार गर्नु पर्दछ ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान रमूल्याङ्कनमाउल्लेखनिय फरक देखिँदैन । लागत अनुमान कै हाराहारीमा मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । प्राविधिकले पेश गर्ने गत अनुमान, नापी किताव, बिल र कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायत आवश्यक कुराहरु उल्लेख गरेको पाईएन । तसर्थ आवश्यक सवै कुराहरु खुलाई यथार्थपरक बनाउनु पर्दछ ।

६८ **अग्रिम कर -**

आयकर ऐन, २०५८ को दफा ८९ ३क. बमोजिम उपभोक्ता समितिमार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैयाभन्दा बढीको भुक्तानी रकममा एक दशमलब पांच प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यवस्था छ ।देहाय अनुसार उपभोक्ता समितिलाई रु. १२६०५०००। भुक्तानी गरेकोमा अग्रिम कर रु. १८९०७५। - कर कट्टी नगरी भुक्तानी दिएकोले असुल गर्नु पर्ने रु.

| गो.भौ. नं. | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | १.५ प्रतिशत अग्रिम कर |
|---|---|---|---|
| २८।०८०।३।२२ | सभाहल निर्माण उपभोक्ता समिति | ६३०५००० | ९४५७५ |
| २६।०८०।३।२० | खाद्य गोदाम घर निर्माण उपभोक्ता समिति | ६३००००० | ९४५०० |
| जम्मा | | | १८९०७५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८९,०७५ |

६९ **प्रमाण पेश बेगर भुक्तानि -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तीले सरकारी रकम खर्च गर्न वा भुक्तानी दिन आवश्क बिल भरपाई वा कागजात संलग्न भए नभएको र भुक्तानी दिन रित पुगे

नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । नगरपालिका निम्न प्रकारका भुक्तानी दिंदा कागजात बेगर भुक्तानी प्रदान गरेको पाइएको प्रमाण पेश गर्नु पर्ने रु.

| गो भा /मिति | भुक्तानी भएको संस्था/व्यक्ति | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|---|
| ४०७।२०७९।१२।२२ | वडा सचिव पार्वती कुमारी गिरी | विद्यालयहरुलाइ खेलकुद सामाग्री वितरण | १०९४२० | विद्यालयहरुलाइ खेलकुद सामाग्री वितरण गरेको भरपाइ पेश नभएको |
| ५५८/ २०८०।०२।१७ | सञ्जय कुमार गुप्ता | क्रिकेट पोसाक खरिद बापत सञ्जय कुमार गुप्ता भुक्तानी | २७६०० | खेलाडीहरुलाइ पोसाक वितरण गरेको प्रमाण पेश नभएको |
| ५६०/ २०८०।२।१८ | सुरत साडी शोरुम | क्रिकेट पोशाक १६ थान वडा नं ७ ले खरिद बापत भुक्तानी | ९६९१० | खेलाडीहरुलाइ पोसाक वितरण गरेको प्रमाण पेश नभएको |
| ७९०।२०८०।०३।२४ | ममता इन्ट्रप्राइजेज | भुक्तेश्वर मावि मा कक्षा १ र २ मा अङ्ग्रेजी माध्यमको कक्षा सञ्चालन | १९९९५३ | विद्यालयको खातामा रकम निकासा दिनु पर्नेमा ममता इन्ट्रप्राइजेजलाई भुक्तानी |
| ८१४/ २०८०।३।२४ | देव कुमार महतो | स्काउट तालिम संचालन | ३००००० | नेपाल स्काउटको खातामा संस्थागत अनुदान निकासा दिनु पर्नेमा देव कुमार महतोलाई भुक्तानी |
| कुल जम्मा | | | ७३३८८३ | |
| | | | प्रमाण पेश नगरेको | ७,३३,८८३ |

७० **भ्रमण भत्ता भुक्तानी (५६३ -२०८० -२ - १८) -**

जनस्वस्थ्य अधिकृत सत्यनारायण रायलाई २०७८।११।६ देखि २०७८।११।०९ र २०७८।१०।२२ देखि२०७८।१०।२८ सम्म बसबाट काठमाण्डौ भ्रमण गरेको प्रतिलिपि भ्रमण आदेशको आधारमा रु २३००० र कोभीड १९ रोग नियन्त्रण तथा रोकथाम कार्यको व्यवस्थापन तथा अनुगमन कर्ताको भत्ता रु ९९४५० तथा प्रोतसाहन भत्ता रु. १७५५०। गरी रु. १४००००। - भुक्तानी दिएकोमा खर्च लेखेकोमा कोभिड १९ कार्यक्रम भरोसा नेपालले सम्झौता गरी कार्य गरेको, र विगतको प्रतिलिपि कागजातको आधारमा दैनिक भ्रमण भत्ता भुक्तानी

दिएकोले उक्त खर्च यथार्थ खर्च हो भनी एकिन गर्न नसकिएको साथै विगत वर्ष भुक्तानी भएको प्रमाण समेत पेश गर्ने अन्यथा असुल हुनु पर्ने रु .

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४०,००० |

७१ **पाठ्यपुस्तक अनुदान -**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.४.६.१ मा सार्वजनिका विद्यालयका विद्यार्थीहरुलाई निः शुल्क पाठ्यपुस्तक अनुदान उपलव्ध गराउनु पर्ने व्यवस्था छ।यस वर्ष पालिकाले ४३ विद्यालयलाई पाठ्यपुस्तक वापत ७५ प्रतिशत र थप निकासा वापत रु. ९४२३४३०.१३ निकासा भएको छ। उक्त निकासा मध्ये देहायका विद्यालयहरुलाई अनुदान वापतको रकम रु ५१७७६ वढी भुक्तानी भएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| **सि नं** | **विद्यालयको नाम** | **कूल निकासा हुनुपर्ने रकम** | **निकासा रकम** | **वढी निकासा** |
|---|---|---|---|---|
| १ | जनता आधारभुत विद्यालय पिपरभित्ता बरहथवा | १४८६०८ | २००३८४ | ५१७७६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५१,७७६ |

७२ **कोभिड - १९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण (१४३ -२०८० -२ -९) -**

शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिकाको कृयाकलाप नं २.७. १३.४९ अनुसार कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा अन्य विपदको समयमा सिकाइलाई निरन्तरता दिन अतिरिक्त सिकाइका लागि स्थानिय योजना निर्माण नगरेको, कोभिड १९ बाट भएको विद्यार्थि सिकाइमा भएको क्षतिको अवस्था पहिचान गर्न शिक्षकहरुलाइ कार्यमूलक अनुसन्धान गर्न लगाई प्राप्तिको आधारमा सिकाइको प्रवन्ध गर्नु पर्नेमा नगरेको, कार्यान्वयन पुस्तिका बमोजिम विद्यालयबाट कार्ययोजना माग गरी कार्यान्वयनको लागि विद्यालयलाई अनुदान उपलब्ध गराउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका बिपरीत वाल विकास संस्थासंग सम्झौता गरि कार्यक्रम सञ्चालन गरेकोले कार्यक्रम विपरीत संस्थाबाट गरेको कार्य नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९७,००० |

७३ **वडा कार्यालयबाट सामाग्री खरिद -**

नगरपालिकाले वडा कार्यालयको लागि बजेट विनियोजन गरी कार्यालय संचालन सम्बन्धि सामाग्री खरिद गरेको र वडा कार्यालयमा दाखिला भएको प्रमाणको आधारमा रकम भुक्तानी भएको छ । तर प्रमुख प्रशासकीय अधिकृतबाट वडा सचिवलाई खर्चको अख्तियारी दिएको छैन । यस्तो अवस्थामा नगरपालिका कार्यालयबाटै खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ । पालिकाको जिन्सीको अभिलेखमा वडा कार्यालयबाट खरिद भएका सामानहरु पालिकाको जिन्सीको मूल अभिलेखमा दाखिला गर्ने गरेको छैन । यसले गर्दा वार्षिक खरिदको यकिन विवरण अध्यावधिक हुन सक्दैन ।अतः वडामार्फत हुने खरिदलाई पनि पालिकाको मूल जिन्सीमा आम्दानी गर्नुपर्दछ ।

---

७४ **नमूना विद्यालय खर्च (२९५-२०८० -३ -२३) -**

सुधारका कार्यहरु गर्न नमुना नमूना विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ को क्रियाकलाप नं. २.७.१३.१३ बमोजिम शैक्षिक विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यक्रम अनुदान रकम वापत श्री महेन्द्र रत्न जगरनाथ लक्ष्मीनियाँ मा.वि.लाई रु.३०,००,००० ।- निकासा दिएको देखिन्छ । कार्यक्रम कार्यान्वयन पुस्तिका ०७९/०८० को उल्लेखित क्रियाकलापको ९.१२ ले तोकेबमोजिम आ.व. ०७९/०८० मा सम्पादन गर्ने कार्यक्रमहरु निर्धारण गरी स्थानीय तह र विद्यालय बिच सम्भौता गरी सम्भौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिका र विद्यालयबिच अनुदान रकम के कस्ता क्रियाकलापमा खर्च गर्ने भन्ने सम्वन्धमा सम्भौता भएको देखिएन । सो रकमबाट विद्यालयको के कस्ता कार्यहरु गरेको हो सो सम्वन्धमा पालिकाबाट अनुगमन गरेको देखिएन । अतः खर्चको प्रभावकारीताको लागि कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोके बमोजिम अनुगमन गरी अनुदान रकमबाट भएको कामको कार्य सम्पन्न प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,००,००० |

---

७५ **कोभिड - १९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण (१४३ -२०८०-२-९) -**

शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिकाको कृयाकलाप नं २.७. १३.४९ अनुसार कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा अन्य विपदको समयमा सिकाइलाई निरन्तरता दिन अतिरिक्त सिकाइका लागि स्थानिय योजना निर्माण नगरेको, कोभिड १९ बाट भएको विद्यार्थि सिकाइमा भएको क्षतिको अवस्था पहिचान गर्न शिक्षकहरुलाइ कार्यमूलक अनुसन्धान गर्न लगाई प्राप्तिको आधारमा सिकाइको प्रवन्ध गर्नु पर्नेमा नगरेको, कार्यान्वयन पुस्तिका बमोजिम विद्यालयबाट कार्ययोजना माग गरी कार्यान्वयनको लागि विद्यालयलाई अनुदान उपलब्ध गराउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका बिपरीत वाल विकास संस्थासंग सम्झौता गरि कार्यक्रम सञ्चालन गरेकोले कार्यक्रम विपरीत संस्थाबाट गरेको कार्य नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९७,००० |

---

७६ **स्वयम सेवक शिक्षक -**

पालिकालाई संघिय सरकारबाट शिक्षकको दरबन्दि अनुसार सशर्त अनुदानबाट तलब भत्ता निकासा भएको अवस्था छ । साथै सम्बन्धित विद्यालयको स्वीकृत दरबन्दि अनुसार तलब भत्ता खर्च लेख्नु पर्दछ । पालिकाले स्वयम सेवक शिक्षक शिर्षकमा रु.५०००००० विनियोजन गरि विभिन्न ३ जना स्वयम सेवक शिक्षकको तलब भत्तामा रु. ७५८८९५ खर्च लेखेको छ ।उक्त रकम पालिकाले आन्तरिक श्रोतबाट खर्च गर्नु पर्दछ ।

---

७७ **अध्ययन अवलोकन खर्च (३८ -२०८०-३-२९) -**

PLGSP अन्तर्गत नव प्रवर्द्धन साझेदारी कोष अन्तरगत पालिकाले अध्ययन अवलोकन वापत पंकज कुमार कायस्थलाई भुक्तानी रु.४९८६५०। - गरेको छ । ति बिषय कार्यालयले अध्ययन अवलोकनमा सहभागी कृषक र बिद्यार्थीहरुले चितवन लगायतका विभिन्न ठांउमा गएकोमा सो अवलोकनबाट आर्जन गरेका अनुभवहरु कार्यक्रमको लागि उपलव्धी भए नभएको प्रतिवेदन पेश भएको देखिएन|प्रतिवेदन पेश नभएकोले सो अध्ययन अवलोकनबाट के कस्ता अनुभवहरु प्राप्त भएको र सोबाट विद्यालयले लाभ भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन ।

---

७८ **सेनेटरी प्याड वितरण (२९२ - २०८०-२- १२) -**

सेनटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्वन्धत स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा बढीमा प्रति विद्यार्थी १६ वटा सेनेटरी प्याड वितरण गर्ने गरी सम्वन्धीत विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया सुचारु गरी भरपाई तयार गरी अर्को महिनाको ७ गते सुचना पाटीमा विवरण टास्नु पर्ने व्यवस्था छ । केवलेश्वर मेडी सेल्सबाट मिति २०८०।२।१२ मा ४४००० थान खरिद गरी रु. १२३१५६४। भुक्तानी दिएकोमा उक्त प्रक्रिया पूरा गरी वितरण गरेको देखिएन । पालिकाले यस सम्वन्धमा अनुगमन गर्नुपर्दछ।

---

७९ **समानीकरण अनुदानबाट तलब भत्ता -**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरवन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साबिकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र२०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखी आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.६४६२००० तलब भुक्तान गरेको पाइयो । पालिकाले उक्त खर्च आन्तरिक श्रोतबाट गर्नु पर्दछ ।

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | विनियोजन | खर्च |
|---|---|---|---|
| बालविकास सहयोगी कार्यकर्ताको तलब भता | नेपाल सरकार - समानिकरण अनुदान | ३०,०३,०००.०० | २८,८५,०००.०० |

| | | | |
|---|---|---|---|
| विधालय सहयोगि कर्मचारीहरुको तलब भता | नेपाल सरकार - समानिकरण अनुदान | ४१,०८,०००.०० | ३५,७७,०००.०० |
| कुल जम्मा | | ७७३९००० | ६४६२००० |

८० **बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुका लागी पुन - एकिकरण कार्यक्रम -**

८०.१ (२ -२०८०-२-३०) -

यस कार्यक्रम अन्तर्गत बैदेशिक रोजगारीबाट फर्केका ४० जना व्यक्तिहरु सम्मिलित उपभोक्ता समिति गठन गरी पोखरी निर्माण गरी माछा पालन गर्ने, बाखा तथा पाडा खरिद गरि पशुपालनको लागि गोठ निर्माण कार्यको लागत अनुमान रु. २२४००९८.११ मा पालिकाले २० प्रतिशत र बैदेशिक रोजगार बोर्डले ८० प्रतिशत ब्यहोर्ने गरी २०८०।३।१ मा सम्झौता भई २०८०।३।१५ मा कार्य सम्पन्न भई रोजगार उपभोक्ता समिति वडा नं १६ लाई रु. २००२०६७। - भुक्तानी भएकोमा देखिएका व्यहोराहरु निम्न छन् -

८०.२ **अग्रिम कर** - आयकर ऐन २०५८ को दफा ८७,८८,८९ अनुसार विभिन्न बिल भरपाई अनुसार भुक्तानी दिंदा अग्रिम कर कट्टी गर्नु पर्नेमा कट्टी नगरेकोले १.५ प्रतिशतले हुने रु. ३००३१।— असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,०३१ |

८०.३ **असुल** - उक्त कार्यक्रमको लेखापरीक्षण गर्दा शिला पशुपालन फर्मबाट १० पाडाहरु रु. १७५०००।— मा र १० पाठाहरु रु. १०००००।— मा खरिद गरेको बिल पेश भएकोमा उक्त पाडा र बाख्राहरुको पशु चिकित्सकबाट स्वास्थ्य जांच गरेको प्रमाणपत्र र बिमा गरेको प्रमाण पेश गरेको देखिएन । लेखापरीक्षणको क्रममा उक्त कार्यक्रमको फिल्ड निरीक्षण गर्दा माछा पोखरी र गोठको निर्माण भएको र पाडा, बाख्रा राखेको कुनै संकेत नभएको तथा पाडा र बाख्रा एउटा पनि नदेखिएकोले सोबापत भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७५,००० |

८०.४ **सहभागिता न्यून** - कार्यक्रमसंग आवद्ध ४० जनाले उक्त कार्यक्रम प्रभावकारी रुपमा सन्चालन गर्न लिखित प्रतिवद्धता जाहेर गरेको भए पनि निरीक्षणको क्रममा सो कार्यक्रमसंग आवद्ध व्यक्तिहरु (लाभग्राही) मध्ये १ जना मात्रको उपस्थिति रहेको पाइयो । उक्त कार्यक्रमको उदेश्य अनुरुप प्रभावकारी कार्यान्वयन गर्नको लागि निजहरुको सक्रिय सहभागितामा पाडा र बाख्रा पालन तथा कृषि सम्वन्धी कार्यहरु सन्चालन भएको देखिएन ।सम्झौतामा यस कार्यक्रम सन्चालन गर्दा आवद्ध व्यक्तिहरुलाई उद्यमशिलता सम्वन्धि तालिम प्रदान गर्ने उल्लेख भएकोमा कुनै

तालिम प्रदान गरेको देखिएन ।अत -   निजहरुलाई तालिम प्रदान गरी सक्रिय रुपमा सहभागी गराउनु पर्ने देखिन्छ ।

८१ **पिएल जिएसपी कार्यक्रमतर्फ -**

८१.१ **उपभोक्ताको योगदान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३)क मा साठी लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक इकाईमा उपभोक्ता समितिले गर्नु पर्ने योगदान उल्लेख गर्नु पर्ने व्यवस्था छ । कृषि प्रयोगशाला केन्द्र निर्माण कार्यको लागत अनुमान रु. ९०१९०६५.४२ भएकोमा उपभोक्ता समितिले गर्नु पर्ने योगदान उल्लेख गरेको देखिएन ।अत -   प्रत्येक ईकाइ मा उपभोक्ता समितिको योगदान नखुलाई लागत अनुमान स्वीकृत गरि गराएको कार्य नियम सम्मत मान्न सकिएन ।

८१.२ **(२८-२०८०-३-२४) अग्रिम कर कट्टी -** आयकर ऐन, २०५८ को दफा ८९ ३क. बमोजिम उपभोक्ता समितिमार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैयाभन्दा बढीको भुक्तानी रकममा एक दशमलब पांच प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यवस्था छ ।नगरपालिकाले कृषि प्रयोगशाला केन्द्र निर्माण कार्य अन्तर्गत जग्गाको तयारी, फार्मिङ हाउस निर्माण, कम्पाउण्ड वाल निर्माण, शौचालय र कृषि प्रयोगशाला निर्माण कार्यहरुको जम्मा लागत अनुमान रु. ९०१९०६५.४२ मा उपभोक्ता समितिसंग २०७९।१२।१४ मा रु. ८०९१५९४.४० मा सम्झौता भई रु. ९०२८४०९.०३ मा कार्य सम्पन्न भएकोमा उपभोक्ताको अंश कट्टी गरी भुक्तानी गर्नु पर्ने रु. ८०९१५९४ मध्ये आंशिक भुक्तानी रु. ४४७१४५० भुक्तानी भएको नियमानुसार १.५ प्रतिशतले कर कट्टी रु. ६७०७१.७१ भुक्तानी गर्नु पर्नेमा कट्टी गरेको नदेखिएकोले असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६७,०७१.७१ |

८१.३ **(१८-२०८०-३-२९) अग्रिम कर -** आयकर ऐन, २०५८ को दफा ८७,८८,८९ बमोजिम भुक्तानी गर्दा अग्रीम कर कट्टी गरी भुक्तानी गर्नु पर्दछ । मौरी पालन तालिम सञ्चालन बापत पंकज कुमार कायस्थको पेश्की फस्यौंट गर्दा विभिन्न फर्मको बिल रु. ४४७२२८।– को १.५ प्रतिशत अग्रिम कर रु.६७०८.४२ कट्टी गरि भुक्तानी दिनु पर्नेमा कट्टी नगरी भुक्तानी दिएको देखिएकोले सम्वन्धितबाट उक्त रकम असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,७०८.४२ |

८२ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च -**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा

सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. २२६०००।– खर्च गरेको अनियमित रु.

| क सं | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १२।०७९।६।१२ | रेडियो गुसेश्वर | कोरोना प्रचार प्रसार | २२६०००।– |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | २,२६,००० |

८३ **परामर्श तथा डि.पि.आर. खर्च -**

८३.१ बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| गो.भौ. नं. | कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|---|
| १२४।०७९।१२।७ | कम्पोष्ट मल उत्पादन र रिसाइकल | रियल इन्जिनियरीङ कन्सल्टेन्सी | ५००००० | ४९६०७० | ८३६५७००० |
| १२६।०७९।१२।७ | सोती नदी विकास, सरसफाई र पार्क र रोड निर्माण कार्यको माष्टर प्लान र डिपिआर तयारी | इजि वर्ल्ड इन्जिनियरी प्रा.लि. | ५००००० | ४९६६३५ | १२८७५८००० |
| १२८।०७९।१२।७ | गरिव आवास योजनाको ड्रइङ, स्ट्रक्चर डिजाइन | डिजायर इन्जिनियरिङ कन्सल्टेन्सी | ५००००० | ४९५८४४ | ९९९६४६४८.३७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | र लागत अनुमान तयार गर्ने | | | | |
| १३९।०७९।१२।९ | | काजल इन्जिनियरीङ | ५००००० | ४९६२९६ | |
| २६१।०८०।३।२१ | कार्यालय भवनको ड्रइङ, डिजायन र लागत स्टिमेट | इभल्भ इन्जिनियरिङ प्रा.लि. | १२००००० | ११३२०३४ | २०४२०००९६.९९ |
| ७।०८०।२।२२ | निर्माण कार्यको डिपिआर | रोहन इन्जिनियरिङ एण्ड विल्डर्स | ३००००० | २९३४०० | |
| जम्मा | | | ३५००००० | ३४१०२७९ | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै लागत अनुमान बनाउने र खर्च गर्ने प्रबृत्ति उपयुक्त देखिएन ।अत - डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

८३.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । परामर्शदाता रोहन इन्जिनियरिङ एण्ड विल्डर्स विभिन्न निर्माण कार्यहरुको डिपिआर तयार गर्नको लागी रु. २९३४००। भुक्तानी भएको देखिन्छ । ट्रस. ट्वाइलेट, सामान्य टहरा र कम्पाउण्ड वाल जस्ता स - साना संरचना निर्माण कार्यहरुको डि.पि.आर. पालिकाकै जनशक्तिले गर्न सक्नेमा परामर्शदाताबाट गराई भुक्तानी गरेको देखिन्छ । उक्त डि.पि.आर मा लागत अनुमान मात्र रहेको पाईयो ।पालिकाले स - साना संरचना निर्माण कार्यको समेत परामर्शदाताबाट गराउने प्रवृतिलाई नियन्त्रण गरी आफ्नै जनशक्तिको उपयोग गर्नु पर्दछ । उक्त कार्यको विस्तृत ड्रईङ डिजायन सहितको योजना पेश नभएकोले लागत अनुमान र दर विष्लेषण मात्र पेश भएको कार्यलाई डि.पि.आर. मान्न नसकिने र सो बापत भुक्तानी भएको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,९३,४०० |

८३.३ उपर्युक्त अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु मध्ये सोती नदी विकास, पार्क र रोड निर्माण कार्यको माष्टर प्लान र डिपिआर तयारी कार्यान्वयनमा गएको समेत नदेखिएकोले योजना कार्यान्वयनमा गएको प्रमाण पेश हुनु पर्ने रु .

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

## ८४ स्यालोट्युवेल जडान

८४.१ (२४ - २०८० - ३ - १८) -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको र भुक्तानी दिन रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ ।उखु पकेट क्षेत्रमा स्यालो ट्युवेल जडान कार्यक्रम अन्तरगत विभिन्न वडामा प्रति ट्युवेल रु. ६४८५६.१८ को दरले १५ वटा ट्युवेलको लागत अनुमान रु. ९७२८४२.६७ स्वीकृत गरी २१ वटा ट्युवेलको लागि सेट सामानहरु उषा ट्रेडर्सबाट रु. ९९८५०९.०० मा खरिद गरेकोमा १६ वटा मात्र जडान कार्य सम्पन्न भएको देखियो । उक्त कार्यक्रममा कृषक छनोटको आधार समेत पेश भएन ।कृषक छनोट नै नगरी अतिरिक्त सामान खरिद गरेको नियम सम्मत देखिएन । खरिद भएका २१ सेट मध्ये ५ सेट जडान नभई बांकी रहेको छ । उक्त बांकी सेट जडान वडाको शिफारिस समेत समूहलाई जडान गरेको प्रमाण, पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३७,७४० |

८४.२ **असुल**- उक्त खरिद कार्यको सम्झौता र बि.ओ.क्यू. मा नभएको ढुवानीको आइटम बापत २१ सेटको रु. १०००।- को दरले भुक्तानी दिएको रु. २३७३०।—(मू.अ. कर समेत) असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,७३० |

## ८५ बिल भरपाई

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तीले सरकारी रकम खर्च गर्न वा भुक्तानी दिन आवश्क बिल भरपाई वा कागजात संलग्न भए नभएको र भुक्तानी दिन रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । नगरपालिका देहाय बमोजिम भुक्तानी दिंदा कागजात बेगर भुक्तानी गरेकोले सोको प्रमाण कागजात पेश गर्नु पर्ने रु.

| गो भौ /मिति | कारोबारको विवरण | फर्मको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| शर्सत चालु | | | | |
| ६८/२०७९।११।४ | १ थान डेल ल्याप्टप खरिद | न्युटेरिक सप्लार्यस | ९८१२० | विल पेश नभएको |
| ६८/२०७९।११।५ | १थान प्रोजेक्टर खरिद | उत्कर्ष ट्रेडर्स | ८०५०३ | विल पेश नभएको |

| | | | | |
|---|---|---|---|---|
| ४२ २०७९।०९।०८ | Toner, cartilage खरिद | विष्णु प्रसाद श्रेष्ठ | १०००० | कार्यालय मा दाखिला नभएको |
| २६७/२०७९।११।५ | कागजात पेश नभएको | जय किशोर सिंह | १५०००० | विल पेश नभएको |
| ४२/२०७९।०९।०८ | स्वास्थ्य सूचना साथै आइ एम यू सुदृढीकरण कार्यक्रम अन्तर्गत सामान खरिद गरेको | विष्णु प्रसाद श्रेष्ठ | १०००० | कार्यालय मा दाखिला नभएको |
| नगरपालिका चालु | | | | |
| २२३/२०७९।११।६ | औषधि खरिद | H. D. pharmacy | ७३८७५ | दाखिला नभएको |
| २२३/२०७९।११।६ | फर्निचर खरिद | गृह शोभा फर्निचर | ३७३८० | दाखिला नभएको |
| | कागजात पेश नभएको | सुवोध महतो | ३८८०९ | |
| ५८/२०७९।६।१२ | stationary खरिद | जनरल स्टार सप्लायर्स | ४९९४६० | दाखिला नभएको |
| ६८/२०७९।६।१४ | LED Board (water proof) | रंग इन्कर्पोरेटेड प्रा.लि. | ९४७४४९ | खरिद आदेश तथा दाखिला नभएको |
| २०७/२०७९।८।२१ | इन्धन बाफत भुक्तानी | दास आयल सेन्टर प्रा ली | ३००००० | दाखिला नभएको |
| २०७/२०८०।२।१९ | इन्धन बाफत भुक्तानी | दास आयल सेन्टर प्रा ली | ९५५१७३ | माग सिलिप तथा विल वेगर भुक्तानी |
| ८०२/२०८०।३।२४ | वर्थिङ सेन्टरलाइ सामाग्री खरिद कार्य | कुशवाहा इन्टरप्राईजेज | ४९२०९८ | दाखिला नभएको तथा हस्तान्तरण फारम नभएको |
| ३१६/२०७९।१२।१ | फर्निचर खरिद | गृह शोभा फर्निचर | १४७२४२ | दाखिला नभएको |
| ३८६/२०७९।१२।१९ | खानेपानी को भुक्तानी | श्री गणपति एक्वा फिल्टर वाटर उधोग | ८९३०२ | विल पेश नभएको |

| | | | | |
|---|---|---|---|---|
| २३४/२०७९।०९।२८ | इन्धन बाफत भुक्तानी | दास आयल सेन्टर बरहथवा | १२००० | माग सिलिप तथा विल वेगर भुक्तानी |
| ३८१/२०७९।१२।२७ | विद्यालय सहयोगि कर्मचारीहरुको तलब भता बापत खर्च लेखिएको | चेक जारी भएको | ११२६००० | चेक कुन विद्यालयको नाममा भुक्तानी भएको एकिन नभएको |
| जम्मा | | | ५०७२४११ | |
| | | | प्रमाण पेश नगरेको | ५०,७२,७११ |

८६ **सोझै खरिद** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ भने नियमावली, २०६४ को नियम ८४ (१) मा २० लाख रुपैयाँ सम्म लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले १० लाखको सीमा एक पटकमा मात्र ननाघ्ने गरी तर एक आर्थिक वर्षमा गरिएका निम्नानुसारको पटक पटकको खरिद बाट उक्त सीमा नाघेको अवस्था छ । कार्यालयको यस वर्ष निम्न बमोजिम निर्माण तर्फ रु. ४६२६१२४। - मेशिनरी औजारतर्फ रु. ३११४६६२ । खर्च भएकोमा उपयुक्त प्याकेज बनाई सिलबन्दी दरभाउपत्रका माध्यमबाट खरिद गर्नुपर्नेमा कार्यालयले टुक्रा टुक्रा गरी विभिन्न आपूर्तकहरुबाट सोझै खरिद गरेको छ ।उक्त कार्यहरु लागत अनुमानकै करिवमा सम्पन्न गरी भुक्तानी गरेको छ । एउटै प्रकृतिका खरिदहरुको प्याकेज बनाई बोलपत्रको माध्यमबाट खरिद गरी प्रक्रियालाई खुला, प्रतिस्पर्धी र मितव्ययी बनाउन पहल गर्नु पर्दछ । नियममा भएको व्यवस्था अनुसार खरिद विधि अपनाई खरिद कार्य गर्नुपर्नेमा सोझै खरिद गरेको नियम सम्मत नदेखिएको रु.

| सि.नं. | गोश्वारा भौचर | निर्माण व्यवसायीको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| | निर्माण कार्य तर्फ | | जम्मा | ४६२६१२४ |
| १ | ४१।०७९।६।१४ | हजरिया कन्ट्रक्सन | निर्माण कार्य | ४५३४६७ |

| | | | | |
|---|---|---|---|---|
| २ | ५४।०७९।७।४ | बि.आर. कन्ट्रक्सन | नाला सरसफाई | ७५४९९७ |
| ३ | १००।०७९।१०।१२ | लक्ष्मिनाथ निर्माण सेवा | विभिन्न निर्माण | ४६६२२२ |
| ४ | १३०।०७९।१२।९ | राहुल कन्ट्रक्सन | निर्माण कार्य | ७५५०२० |
| ५ | २५२।०८०।३।२० | महादेव निर्माण सेवा | निर्माण कार्य | ४६६३२५ |
| ६ | २८३।०७९।३।२४ | बरहथवा कन्ट्रक्सन प्रा.लि. | निर्माण कार्य | ३६९९७९ |
| ७ | २८७।०८०।३।२४ | मैसासुर कन्ट्रक्सन | निर्माण कार्य | ९७४००८ |
| ८ | २९१।०८०।३।२४ | महादेव निर्माण सेवा | निर्माण कार्य | ३८६१०६ |
| ९ | मेशिनरी औजार तर्फ | विभिन्न १६ टुक्रा | खरिद जम्मा | ३११४६६२ |
| जम्मा | | | | ७७४०७८६ |

| | |
|---|---|
| अनियमित भएको | ७७,४०,७८६ |

८७ **बिल भरपाई -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको र भुक्तानी दिन रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहाय बमोजिम भुक्तानी दिएकोमा बिलभरपाई पेश नभएकोले सो प्रमाण पेश गर्नु पर्ने रु.

| गो.भौ. नं. | फर्मको नाम | खरिद सामान | रकम | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २२।०८०।३।९ | विभिन्न फर्म | विविध खर्च | २५००० | बिल भरपाई नभएको |
| ६१।०७९।७।५ - | गणेश अमित | आल्मुनियम पार्टिसनको कार्य | २२६५४२ | बिलभर्पाई र कार्य सम्पन्न प्रतिवेदन पेश नभएको |
| ७२।०७९।८।८ | मिथिला जेनेरल सप्लायर्स | फर्निचर एण्ड फिक्सचर | २४१७०७ | बिल भरपाई नभएको |
| १०७।०७९।१०।२४ | न्यू आधुनिक सप्लायर्स | मेशिनरी औजार | ३४७७६८ | बिल भरपाई नभएको |
| १०९।०७९।११।४ | न्यू माइक्रो इनट | मेशिनरी औजार | ३५५९५० | बिल भरपाई नभएको |
| १११।०७९।११।४ | आलोक इलेक्ट्रोनिक सप्लायर्स | मेशिनरी औजार | ४५२०० | बिल भरपाई नभएको |
| २००।०८०।२।१० | क.अ. संदिप कुमार साह | पेश्की फछ्र्यौट | २९१००० | बिल भरपाई नभएको |
| २२४।०८०।३।९ | आलोक इलेक्ट्रोनिक सप्लायर्स | ल्यापटप खरिद | ९९५५३। | सक्कल बिजक पेश नभएको |
| २५३।०८०।३।२१ | धनलक्ष्मी व्याग उद्योग | स्कूल व्याग | २९९६७६ | बितरणको भरपाई नभएको |
| २७४।०८०।३।२३ | गृहशोभा फर्निचर | ग्यांस सिलिन्डर७३ थान | ४९९६१२ | बिजक तथा बितरणको भरपाई नभएको |
| १७।२०८०।३।२४ - | सुजल ट्रेड | ह्याण्ड पम्प, इपि निप्पल, पाइप | ९७०१२ | खरिद आदेश माग फाराम, जिन्सी दाखिला प्रमाण नभएको |
| जम्मा | | | १६०५१७९ | |

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | १६,०५,१७९ |

८८ **शिर्षक फरक पारी खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रकम अधिकार प्राप्त अधिकारीले खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले फर्निचर कार्यालय सामान तथा मसलन्द शिर्षकबाट गो.भौ.नं. ७३।०७९।६।२८ बाट रु. ४२६५१२। - र ३१६।०७९।१२।१ रु. १४९२२३ गरी जम्मा रु. ५७५७३५।— को फर्निचर खरिद गरी खर्च लेखेको छ । अत - शिर्षक फरक पारी खर्च लेखेको नियम सम्मत नदेखिएको रु.

| | | |
|---|---|---|
| | अनियमित भएको | ५,७५,७३५ |

८९ **सडक बत्ती (२६९-२०८०-३-२३) -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५(२) मा खरिद संझौता बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सोको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । नेपाल विद्युत प्राधिकरणलाई एन. एस. एन. पि. आयोजना अन्तर्गत सडकमा बत्ति जडान गर्ने कार्यको लागत अनुमान रु. ९७४५१५३ (मू.अ.कर) मा नगरपालिकाले ६५ प्रतिशत र नेपाल विद्युत प्राधिकरणले ३५ प्रतिशत लागत बेहोर्ने गरी संझौता भए बमोजिम नगरपालीकाले बेहोर्ने ६५ प्रतिशत रकम मध्ये रु. ३०००००.०० उक्त प्राधिकरणलाई भुक्तानी गरेकोमा पेश्की नजनाई बजेट खर्च लेखेकोले सोको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु.

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | ३०,००,००० |

९० **तरकारी सेड निर्माण कार्य (ठेक्का नं. ११।०७६।७७ ) -**

९०.१ ठेक्का नं. ११।०७६।७७ तरकारी सेड निर्माण कार्यको २०७७।८।७ सम्म कार्य सम्पन्न गर्ने गरी २०७७।३।१५ मा कबोल रकम रु. १४०९३०१८।९६ मा डाइनामिक केविसी साहिल जेभीसंग सम्झौता भएकोमा तेश्रो रनिङ विलसम्म रु. ७३७४४०६।२५ को कार्य सम्पन्न भएकोमा यस वर्ष रु. २२७९६२६। भुक्तानी भएको देखिन्छ ।पालिकाले उक्त कार्यको म्याद २०७९ मंसिर मसान्त सम्म थप गरेकोमा सो पछि निर्माण व्यवसायीबाट म्याद थपको लागि निवेदन पेश गरेको देखिएन ।लेखापरीक्षण अवधिसम्म पनि उक्त कार्य सम्पन्न नभएको र म्याद समाप्त भएको २१ दिन पहिले नै म्याद थपको लागि निवेदन दिनु पर्नेमा सो बमोजिम निबेदन नै पेश गरेको देखिएन । अत - नियमानुसार निजसंग हर्जाना असुल गरी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।

९०.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा सम्झौता गर्न बोलपत्र दाताले ऐनको दफा २७ (४) बमोजिम त्रुटि सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधीको कार्यसम्पादन जमानत पेश

गर्नुपर्ने व्यवस्था छ ।उक्त ठेक्काको कार्य सम्पादन जमानतको म्याद २०७७।३।१५ मा समाप्त भएकोमा म्याद थप गरेको नदेखिएकोले म्याद थप गरी प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,०८,३१५.८३ |

९१ **न्यानो झोला -**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले बरहथवा अस्पतालको लागि मातृ तथा नव शिशु कार्यक्रम अन्तर्गत गो. भौ. नं २३ मिति २०७९।०७।०६ र गो भौ नं १६५ मिति २०८०।०२।२४ बाट १११२ न्यानो झोला खरिद भई भुक्तानी रकम रु. ९९७४५७ भएको र अर्को पटक ५५० न्यानो झोला खरिद रु. ४९२७९९ भुक्तानी भएको छ ।यस आव को लागि अस्पतालबाट न्यानो झोला १५०० थान माग भएको देखिन्छ । यस वर्ष १३४० जना मात्र प्रसुति भएको अभिलेखबाट स्वास्थ्य शाखाबाट ३२२ थान झोला बढी खरिद भई रु. २५५३४६ मूल्यको मौज्दात रहेको छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

९२ **प्रोत्साहन भत्ता -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु. ९५१५३०।४० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

९३ **ईन्धन खर्च -**

सार्वजनिक खर्च मापदण्ड निर्देशिका २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ । पालिकाले ईन्धन खर्चमा यस वर्ष चालु तर्फबाट रु. ५७ लाख खर्च गरेको छ ।पालिकाले सवारी साधनको लगबुक नराखेकोले कुन सवारी साधनमा कति रकम खर्च भएको यकीन विवरण पेश भएको

पाइएन । प्रत्येक सवारी साधनमा भएको इन्धन खर्चको अभिलेख राखी इन्धन खर्चमा नियन्त्रण हुनु पर्दछ साथै मापदण्डको पालना हुनु पर्दछ ।

---

## अनुगमन लेखापरीक्षण

९४ **अनुगमन लेखापरीक्षण**

**सम्परीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औंल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फस्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजु रु. ७९ करोड २२ लाख ४० हजार भएकोमा आ.ब.०७६/०७७ को को लेखापरीक्षणबाट औंल्याएको दफा नं. १३४ को बेरुजुको समबन्धमा सम्परीक्षणको लागी अनुरोध भई आएकोमा रु. २ करोड ३५ लाख १७ हजार ६ सय फस्यौंट भएको छ । बाँकी बेरुजु पालिकाले नियमानुसार बेरुजु फस्यौंट गरी सम्परीक्षणको लागि नाम्स प्रणाली मार्फत अनुरोध गर्नु पर्दछ ।

<table>
<tr><th>क्र स</th><th>बेरुजू दफा र बेरुजूको छोटकरी विवरण</th><th>फयौंटको लागि अनुरोध गरिएको रकम</th><th>सम्परीक्षणको व्यहोरा र ठहर</th><th>फछ्यौंट रकम</th></tr>
<tr><td>1</td><td>दफा न १३४ आर्थिक वर्षको अन्तसम्म पनि सामाजिक सुरक्षा भत्ता वापतको पेश्की फछ्र्यौंट नभएको बिभिन्न ११ जना कर्मचारीको नाममा कायम पेश्की फछ्यौट हुनुपर्ने रु ३३०९०४००</td><td>२४४७३२०० </td><td>
<table>
<tr><th>सि. नं.</th><th>नाम</th><th>पद</th><th>पेश्की रकम रु</th></tr>
<tr><td>१</td><td>गोविन्द राय</td><td>वडा सचिव</td><td>४८,९३,२००।००</td></tr>
<tr><td>२</td><td>राम विश्वास राय</td><td>वडा सचिव</td><td>२४,१९,२००।००</td></tr>
<tr><td>३</td><td>लक्ष्मण श्रेष्ठ</td><td>वडा सचिव</td><td>४२,२३,६००।००</td></tr>
<tr><td>४</td><td>सुबोध महतो</td><td>वडा सचिव</td><td>१९,२२,४००।००</td></tr>
<tr><td>५</td><td>विजय श्रेष्ठ</td><td>वडा सचिव</td><td>७४,७१,२००।००</td></tr>
<tr><td>६</td><td>देवनाथ राय</td><td>वडा सचिव</td><td>२२,८८,०००।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२,३५,१७,६००।</td></tr>
</table>
</td><td>२,३५,१७,६००।</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>२,३५,१७,६००।</td></tr>
</table>

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्ष -** २०७९/८०

**कार्यालय र स्थान -** बरहथवा नगरपालिका, सर्लाही ,

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मदन कुमार थापा | २०७८ - १० - २४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नर्वेश राय | २०७७ - ४ - १ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरण -**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७,७४४,१३१.५२ | २०,१२९,७०० | ६५,२२८,६२०.८३ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ९३,१०२,४५२.३५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ९३,१०२,४५२.३५ |

**स्थानीय तह -**

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ९२४२३६२९.४५ | |
| आम्दानी | | खर्च | |
| **संघीय सरकारबाट अनुदान** | ४९०४६३७०३.६५ | **चालु खर्च** | ४६६४८८७४३.२९ |
| **प्रदेश सरकारबाट अनुदान** | ७४७९५५०० | **पूँजीगत खर्च** | २७९६५५६०१.३६ |
| **राजश्व बाँडफाँट** | १४०७७०९२४.४३ | **वित्तीय/अन्य व्यवस्था** | ३७१२०६२१६.८१ |

| | | | |
|---|---|---|---|
| आन्तरिक आय | १८६०८९२७.४९ | | |
| अन्य आय | ३७७५२८८२१.८१ | | |
| कुल आय | ११०२१६७८७७.३८ | कुल खर्च | १११७३५०५६१.४६ |
| बाँकी मौज्दात | | ७७२४०९४५.३७ | |

*द्रष्टव्यः प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन (PAR) र अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) मा जारी भएको दफाको क्रम सङ्ख्या हेरफेर हुन सक्नेछ ।*